काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

सुकुम्बासी आयोगलाई सर्वोच्च अदालतले ब्युँताएपछि पदाधिकारीहरूले काम सुरु गरेका छन् ।

**समाचार**

पुरुषको तुलनामा महिलामा हाडजोर्नीसम्बन्धी समस्या बढी पाइएको छ ।



**पर्याप्त तयारीबिना राष्ट्रिय लिग फुटबल**

राष्ट्रिय लिगमा सहभागी अधिकांश क्लबले छोटो समयको तयारीमै प्रतिस्पर्धा गर्दै छन् । एन्फाले आयोजना गरेको राष्ट्रिय लिग बुधबार सुरु हुँदै छ ।

वर्ष १७, अंक २५५, पृष्ठ ८, बुधबार ३० पुस २०८२, माघ कृष्णपक्ष एकादशी, Wednesday, 14 January, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# कठिन अवस्थामा नेपाली कांग्रेस सहमतिको प्रयास जारी

नागरिक संवाददाता

*काठमाडौं, पुस २९*

मुलुकको सबैभन्दा पुरानो र लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस सबैभन्दा कठिन अवस्थामा उभिएको छ । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनको अगुवाइ गरेको कांग्रेस फेरि एक पटक विभाजनको बाटोमा अघि बढेको छ ।

यसअघि पनि पटकपटक विभाजनसहितका विभिन्न आरोह-अवरोह खेपेको कांग्रेस रातभरिमा कुनै सहमतिको साझा बिन्दु पहिल्याउन नसके बुधबारको बिहानीसँगै फेरि एक पटक दुई फरक बाटोमा अघि बढ्नेछ । विभाजन रोक्न मंगलबार दिनभरि कांग्रेसका विभिन्न समूहका नेताहरू दुई पक्षीय र बहुपक्षीय छलफलमा जुटे तर राति अबेरसम्म पनि कुनै सहमति जुट्न सकेको छैन ।





भृकुटीमण्डपमा जारी नेपाली कांग्रेस विशेष महाधिवेशनअन्तर्गत मंगलबारको बन्दसत्रमा सहभागी प्रतिनिधिहरू (माथि) र सानेपास्थित केन्द्रीय कार्यालयमा भेला भएका तरूण दलका कार्यकर्ता । *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

पार्टीलाई विभाजनबाट रोक्न भन्दै नेताहरू कार्यसम्पादन समितिको निर्णयभन्दा बाहिर गएर महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको अगुवाइमा पुस २७ गतेदेखि भृकुटीमण्डपमा सुरु भएको विशेष महाधिवेशनले पारित गरेका दस्ताबेजको स्वामित्व लिनेसहितका विषयमा लचिलो देखिएका थिए । विशेष महाधिवेशन पक्षधरका तर्फबाट सोमबार नेताहरू गुरुराज घिमिरे, मधु आचार्य, देवराज चालिसेसहितका नेताहरूले संसदीय समितिमार्फत फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा सम्मानजनक उम्मेदवारीमा स्वामित्व, निर्वाचनअघि कुनै पनि राजनीतिक दलसँग गठबन्धन नगर्ने र वैशाखमा तोकिएको १५औं महाधिवेशनको सुनिश्चितताको विषय उठाएका थिए । त्यसलाई सम्बोधन गर्दै पार्टी एकतालाई जोगाउन संस्थापन पक्ष र विशेष गरी नेता डा. शेखर कोइरालाले अग्रसरता लिएका थिए । उनीहरूले पार्टीको उम्मेदवारी टिकटमा सभापति शेरबहादुर देउवाको नभएर कार्यवाहक सभापति पूर्णबहादुर खड्काको हस्ताक्षर प्रयोगको प्रस्ताव गरेका थिए ।

तर मंगलबार महामन्त्रीसहित विशेष महाधिवेशन पक्षधरले सभापति शेरबहादुर देउवाको राजीनामाको विषय अघि सारेको छ । विशेष महाधिवेशन नेतृत्व परिवर्तनका लागि भएको जनाउँदै उनीहरूले देउवाले सभापतिबाट राजीनामा गर्नुपर्ने मात्र होइन, आगामी आम निर्वाचनमा उम्मेदवारसमेत बन्न नहुने सर्त अघि सारेका छन् । जुन कुरा

> पार्टी एकताका लागि संस्थापन र विशेष महाधिवेशन पक्षधर निरन्तर वार्तामा छन् । नेताहरू मंगलबार दुई पक्षीय र बहुपक्षीय छलफलमा जुटे पनि राति अबेरसम्म कुनै सहमति हुन सकेको छैन ।

संस्थापन पक्षसहित भृकुटीमण्डमा जारी विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरू मान्न तयार देखिएका छैनन् । त्यसका लागि नेताहरू सकारात्मक नदेखिएपछि विशेष महाधिवेशन पक्षधरले देउवाको राजीनामाको विकल्पमा पार्टी सञ्चालनका लागि 'हाई कमान्ड'को विकल्प पनि अघि सारेका छन् । पार्टी सञ्चालनका लागि हाई कमान्ड बनाएर त्यसले नै कार्यसम्पादन गर्ने र १५औं महाधिवेशनबाट देउवालाई नेतृत्वबाट विस्थापित गर्नुपर्ने अडानमा छन् । तर संस्थापन पक्ष नेतृत्वका विषयमा अहिले कुनै निर्णय लिन तयार देखिएको छैन ।

नेतृत्व परिवर्तन गर्ने मात्र होइन, मंगलबार साँझ विशेष महाधिवेशनको बन्दसत्र सकेको विशेष महाधिवेशन पक्षधरले नयाँ नेतृत्वका लागि उम्मेदवारी मनोनयन सुरु गरिसकेको छ । महामन्त्री विश्वप्रकाश शर्मालाई अर्का महामन्त्री गगनकुमार थापाले पार्टी सभापति र प्रधानमन्त्री बनाउने गरी अघि बढ्ने बताइसकेका छन् । त्यसले भृकुटीमण्डमा जम्मा भएका विशेष महाधिवेशन पक्षधरहरू नयाँ नेतृत्व चयनको प्रक्रिया र मनस्थितिमा पुगेका छन् । त्यसलाई रोक्न पनि सभापति देउवाको विषयमा केही न केही निर्णय लिनुपर्ने बाध्यता रहेको विशेष महाधिवेशन पक्षधर एक नेताले जानकारी दिए । अन्य विषयलाई मात्र टुंगो लगाएर हललाई मनाउने सक्ने अवस्था नरहेको जनाउँदै विशेष महाधिवेशन पक्षधर एक नेताले भने, 'अब हामीले छाडेर हिँड्यौं भने पनि हलले नयाँ कार्यसमिति घोषणा गरेर अघि बढ्ने अवस्था छ ।'

सहमतिका लागि विभिन्न उपाय खोजी भइरहेको जनाउँदै ती नेताले उम्मेदवारी मनोनयन स्थगन गरेर रातिसम्म टुंगोमा पुग्ने प्रयास गरिने बताए । निर्वाचन सँघारमा रहेको निर्वाचनमा जुट्नुपर्ने समयमा पार्टीको आन्तरिक विवादले कसैलाई पनि हित नगरेको स्वीकार गर्दै ती नेताले भने, 'अहिलेलाई निर्वाचन प्रक्रिया स्थगित भएको छ । बिहानसम्म कुनै सहमति निस्केन भने चुनावी प्रक्रिया अघि बढाउनुको विकल्प बाँकी हुँदैन ।' मंगलबार चार दर्जन बढी नेताले केन्द्रीय सदस्य र आधा दर्जनले सहमहामन्त्रीको मनोनयन दर्ता गराएका छन् । सभापति, उपसभापति, महामन्त्रीमा कसैको पनि उम्मेदवारी परेको छैन ।

बुधबार बिहानसम्म कुनै सहमतिमा नेताहरू नपुगे निर्वाचन प्रक्रिया अघि बढ्नेछ । महामन्त्रीहरू नयाँ कार्यसमितिका लागि उम्मेदवारी मनोनयनमा अघि बढे संस्थापन पक्ष उनीहरूलाई अनुशासनको कारबाही गर्ने पक्षमा छ । त्यसका लागि संस्थापन पक्षले मंगलबार बिहान ११ बजेका लागि बोलाइएको बैठक सार्दै बुधबार बिहान ८ बजेका लागि बोलाएको छ ।

*बाँकी पृष्ठ २*

### मधेस प्रदेशका मतदानस्थल

# ५० प्रतिशत संवेदनशील

टपेन्द्र कार्की

*काठमाडौं, पुस २९*



> गृह मन्त्रालय स्रोतका अनुसार फागुनमा हुने संघीय संसद्को निर्वाचनमा मधेस प्रदेशका दुई हजार एक सय ५७ मतदानस्थलमध्ये एक हजार एक सय ६८ अतिसंवेदनशील सूचीमा छन् ।

गृह मन्त्रालयले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सबै प्रदेशमा गोष्ठी गरेर सुरक्षा अवस्थाबारे जानकारी लिएको छ । मन्त्रालयले प्रदेश तहअन्तर्गत मंगलबार मधेसमा गोष्ठी गरी सुरक्षा अवस्थाबारे जानकारी लिएको छ ।

योसँगै प्रदेश तहअन्तर्गतको सुरक्षा गोष्ठी सकिएको छ । गृहमन्त्री, तीन वटै सुरक्षा अंगका प्रमुख, प्रमुख जिल्ला अधिकारीहरू, मधेस प्रदेशका सुरक्षा प्रमुखहरूसहितको उपस्थितिमा मधेस प्रदेश सुरक्षा गोष्ठी गरिएको हो । गृह मन्त्रालयको नियमित कार्यक्रमअन्तर्गत भए पनि प्रदेश तहका सुरक्षा गोष्ठी चुनावकेन्द्रित भए ।

प्रदेशअन्तर्गत मंसिर ९ गते लुम्बिनीबाट सुरु भएको सुरक्षा गोष्ठी मधेस प्रदेशबाट समापन भएको हो । निर्वाचनलक्षित सुरक्षा गोष्ठीबाट प्राप्त सुझावअनुसार सुरक्षा संयन्त्र परिचालन हुनेछ । मन्त्रालय स्रोतका अनुसार फागुनमा हुने संघीय संसद्को निर्वाचनमा मधेस प्रदेशका दुई हजार एक सय ५७ मतदानस्थलमध्ये एक हजार एक सय ६८ मा सुरक्षा चुनौती रहेको विश्लेषण गरिएको छ । मधेस प्रदेशको सुरक्षा अवस्था हेरेर ती क्षेत्रमा सुरक्षाकर्मी बढाउने तयारी छ । 'मधेस प्रदेशका करिब १२ सय मतदानस्थल अति संवेदनशील सूचीमा छन् । यो संख्या अझै बढ्न सक्ने अवस्था छ । खुला सिमाना र मधेसकेन्द्रित दल र अन्य दलहरूबिचको टकरावले मधेसमा सुरक्षा चुनौती देखिन्छ,' मन्त्रालयका एक अधिकारीले भने ।

मन्त्रालयको सुरक्षा विश्लेषण अनुसार देशभरका १० हजार नौ सय २६ मतदानस्थलमध्ये ३५ सय १८ मा सुरक्षा चुनौती औंल्याइएको छ । 'सुरक्षा विश्लेषणअनुसार अहिलेसम्म सहरमा खासै चुनौती देखिएको छैन । तराईभन्दा पहाड र हिमाली जिल्लामा सुरक्षा चुनौती कम देखिएको छ', स्रोतले भन्यो । दलका कार्यकर्ताहरु भिडन्त हुने अवस्था आए निर्वाचनमा सुरक्षा असहजता उत्पन्न हुने मन्त्रालयको विश्लेषण छ । मन्त्रालयका सहायक प्रवक्ता रवीन्द्र आचार्यले देशभरका सबै मतदानस्थलको सुरक्षा चुनौती विश्लेषण गरिएको बताए ।

'निर्वाचन घोषणापछि नै सुरक्षा अवस्थाबारे मन्त्रालयले सबै प्रकारका सूचना लिने काम गरिरहेको छ । सबै मतदानस्थलको सुरक्षा अवस्थाबारे जानकारी आइसकेको छ । त्यहीअनुसार सुरक्षाकर्मी परिचालन हुनेछन्', आचार्यले भने ।

गृह मन्त्रालयले निर्वाचन आयोगबाट प्राप्त मतदानस्थल विवरणका आधारमा सुरक्षा विश्लेषण गरेको हो । सुरक्षा निकाय र दलहरूले निर्वाचनमा मुख्य सुरक्षा चुनौतीका रूपमा जेनजी आन्दोलनका क्रममा जेलबाट फरार कैदीबन्दी र प्रहरीबाट लुटिएका हतियारलाई हेरेका छन् । त्यसबाहेक विभिन्न आपराधिक समूह, टोले गुन्डा, दलका भ्रातृ संस्था, सीमापारका आपराधिक समूह, भौगोलिक पक्षलगायतबाट सुरक्षा चुनौती हुन सक्ने मानिएको छ । तर यी सबै विषयलाई गृहले बाहिर ल्याउन चाहिरहेको छैन ।

**तीन लाख सुरक्षाकर्मी खटिँदै**

निर्वाचन सुरक्षा रणनीति अनुसार सेना, प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी तीन लाख हाराहारीमा सुरक्षाकर्मी परिचालित हुनेछन् । नेपाल प्रहरीसँग निर्वाचन प्रहरी रहनेछन् । त्यसपछि सशस्त्र प्रहरी र नेपाली सेनाले सुरक्षा दिनेछन् । नेपाल प्रहरीको सुरक्षा दस्तासँगै राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर पनि खटिनेछन् ।

दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेना परिचालित हुनेछन् । तर यसपटक मतपेटिकाको सुरक्षामा नेपाली सेना पनि सहभागी हुनेछ । अति संवेदनशील मतदानस्थलमा कम्तीमा १२, संवेदनशील मतदानस्थलमा १० र सामान्यमा आठ सुरक्षाकर्मी खटाउने तयारी छ । यो पहिलो घेरामा खटाइने संख्या मात्र हो । तराई र पहाडी जिल्लाका केही मतदानस्थलहरूमा सेना पहिलो घेरामा खटिने स्रोतले जनाएको छ ।

**सेनालाई एक अर्ब ९४ करोड बजेट**

सरकारले निर्वाचनमा नेपाली सेनाका लागि एक अर्ब ९४ करोड रुपैयाँ बजेट सुनिश्चित गरेको छ । अर्थ मन्त्रालयले सेनाका लागि बजेटको सुनिश्चितता दिएको छ ।

*बाँकी पृष्ठ २*

## इरानमा सरकार विरोधी प्रदर्शनमा ६४६ जना मारिए

काठमाडौं, पुस २९ (नागरिक)- सरकारविरुद्धको प्रदर्शनलाई दमन गर्ने क्रममा इरानमा ६४६ जनाको मृत्यु भएको छ । अमेरिकास्थित ह्युमन राइट्स एक्टिभिस्ट्स न्युज एजेन्सी (एचआरएएनए) का अनुसार सरकार प्रदर्शनका क्रममा ६४६ जनाको ज्यान गएको हो । इरानमा १६ दिनदेखि प्रदर्शन भइरहेको छ । ज्यान गुमाउनेमा १३३ सुरक्षाकर्मी र एक सरकारी वकिल पनि रहेको जनाइएको छ । यस क्रममा कम्तीमा १० हजार बढी प्रदर्शनकारी पक्राउ परेका छन् । एचआरएएनएका अनुसार इरानका ३१ प्रान्तका १८७ वटा सहरका ६०६ स्थानमा प्रदर्शन भइरहेको छ ।

यो तथ्यांक देशभित्र र बाहिरका अभियन्ताहरुको सूचनामा आधारित छ । यसको स्वतन्त्र रूपमा पुष्टि हुन नसकेको एबिसी न्युजले जनाएको छ । इरान सरकारले अहिलेसम्म प्रदर्शनका क्रममा भएको मृत्युको आँकडा सार्वजनिक गरेको छैन । इरानको सरकारी मिडियाले भने अशान्तिमा एक सय बढी सुरक्षाकर्मीका मारिएको रिपोर्ट सार्वजनिक गरेका छन् ।

यसैबिच अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानसँग व्यापार गर्ने देशलाई २५ प्रतिशत कर लगाउने घोषणा गरेका छन् ।

*बाँकी पृष्ठ २*

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

# समग्र साक्षरता दर ७६.२

रूबी रौनियार

*काठमाडौं, पुस २९*

- पछिल्लो दशकमा साक्षरता दर १०.३ प्रतिशतले वृद्धि
- महिला साक्षरता दर १२ र पुरुष दर ८.५ प्रतिशतले वृद्धि
- साक्षरता दर पुरुषतर्फ ८३.६ र महिलातर्फ ६९.४ प्रतिशत
- १८ वर्ष उमेरमुनिको साक्षरता दर ९९ प्रतिशत
- मधेस प्रदेशमा साक्षरता दर ६६ प्रतिशत
- मधेसका १३.४ प्रतिशत घरपरिवार साक्षरविहीन
- सात लाख ७० हजार बालबालिका विद्यालयबाहिर
- विपन्न परिवारका ४५ र सम्पन्न परिवारका ३ प्रतिशत विद्यालयबाहिर

पछिल्लो दशकमा नेपालको साक्षरता दर १० प्रतिशतले बढेको छ । यस अवधिमा राष्ट्रिय साक्षरता दर १०.३ प्रतिशतले बढेर ७६.२ पुगेको राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार सार्वजनिक गरेको राष्ट्रिय जनगणना, २०७८ अन्तर्गतको शैक्षिक प्रतिवेदनमा उल्लेख छ । यो साक्षरता दर पाँच वर्ष उमेरमाथिको हो । जनगणना, २०६८ साक्षरता दर ६५.९ प्रतिशत थियो ।

सार्वजनिक प्रतिवेदनअनुसार पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत पुगेको छ । जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको साक्षरता दर पुरुषको तुलनामा झन्डै १४ प्रतिशतले कम देखिन्छ । एक दशकमा महिला साक्षरता दर १२ र पुरुष साक्षरता दर ८.५ प्रतिशतले वृद्धि भएको छ । २०६८ को जनगणनाअनुसार महिला साक्षरता दर ५७.४ र पुरुष साक्षरता दर ७५.१ प्रतिशत थियो ।

'एक दशकको अवधिमा महिला साक्षरतादर पुरुषको तुलनामा धेरै बढे पनि समग्रमा पुरुष साक्षरता दरभन्दा कम नै छ', प्रतिवेदन सार्वजनिक गर्दै तथ्यांक कार्यालयका निर्देशक विनोदशरण आचार्यले भने, 'महिला-पुरुषबिच साक्षरता अन्तर अझै छ । यसले के देखाउँछ भने पछिल्लो दशकमा नेपालमा महिलाको साक्षरता दरमा उल्लेख्य सुधार भएको छ । सरकारले यही तथ्यांकका आधारमा महिलाको शैक्षिक स्तर थप उकास्न नयाँ तरिकाबाट नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।'

१८ वर्ष उमेरमुनिका बालबालिकाको साक्षरता दर भने ९९ प्रतिशत पुगेको छ । यसले पुस्तान्तरगत सुधार देखाएको निर्देशक आचार्यको भनाइ छ ।

मधेसमा भने साक्षरता दर कम छ । प्रादेशिक रूपमा बागमती र गण्डकी प्रदेशको साक्षरतादर ९५ प्रतिशत छ भने मधेस प्रदेशमा यो दर ६६ प्रतिशत मात्र छ । किशोरकिशोरी समूहमा सबै जातिको साक्षरतादर ९८ प्रतिशतभन्दा माथि भए पनि यो दर मधेसी दलितमा ८० प्रतिशत मात्र रहेको तथ्यांक छ ।

'प्राप्त तथ्यांकअनुसार कार्यालयका विज्ञहरूले घरपरिवार तहको साक्षरता विश्लेषण गरेका छन्,' निर्देशक आचार्यले भने, 'जसबाट मधेस प्रदेशमा १३.४ प्रतिशत घरपरिवारमा कुनै पनि सदस्य साक्षर नभएको देखियो । मधेसका दलित समुदायमा यस्तो घरपरिवारको अनुपात २३ प्रतिशत छ ।'

अपांगता भएका व्यक्तिमध्ये बौद्धिक अपांगता र अटिजम भएका प्रौढहरूको साक्षरता सबैभन्दा न्यून छ । इन्द्रियजन्य अपांगता भएका र नभएका ब्यक्तिबिचको अन्तर क्रमशः घट्दै गएको तथ्यांक छ ।

**७ लाख ७० हजार बालबालिका विद्यालयबाहिर**

तथ्यांकअनुसार ५ वर्ष उमेरपछि विद्यालय जाने दर उच्च भए पनि माध्यमिक तहपछि विद्यालयमा उपस्थिति दर तीव्र रूपमा घटेको देखिन्छ । १५ देखि १९ वर्ष उमेर समूहका प्रत्येक चारमध्ये एकजना विद्यालय बाहिर रहेको तथ्य पनि प्रतिवेदनले उजागर गरेको छ । छात्राहरूको हकमा यो समस्या अझै बढी छ ।

राष्ट्रियस्तरमा ५ देखि १७ वर्ष उमेर समूहका करिब १० प्रतिशत अर्थात् ७ लाख ७० हजार बालबालिका अझै विद्यालयबाहिर रहेको जनगणना तथ्यांकले देखाएको छ । 'तीमध्ये ३ लाख ८० हजार १६५ कहिल्यै स्कुल गएका छैनन् भने ३ लाख ९० हजारले स्कुल गएर पनि छाडेका छन्', तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी डा. कमल पोखरेलले भने, 'यस्तो अवस्था विकट भूगोल, न्यून आयस्तर र सीमान्तकृत समुदायमा बढी देखिएको छ । विद्यालयबाहिर रहने जोखिम प्रारम्भिक उमेर पाँच वर्ष र माध्यमिक तहमा प्रवेश गर्ने उमेर (१०-१४) वर्षमा उच्च छ । विशेष गरी कक्षा ५ पछिका वर्षहरूमा विद्यालय छाड्ने प्रवृति बढेको छ ।'

प्रादेशिक रूपमा मधेस प्रदेशमा कहिल्यै विद्यालय नगएका बालबालिकाको हिस्सा ६० प्रतिशतभन्दा बढी छ । गण्डकी प्रदेशमा किशोरावस्था उमेरमुनि विद्यालयबाहिरको अनुपात ५ प्रतिशत भन्दा कम छ ।

जातजातिगत रूपमा मधेसी जाति, मधेसी दलित तथा भाषिक अल्पसंख्यक समुदायका करिब तीन चौथाइ बालबालिका कहिल्यै विद्यालय गएका छैनन् । पहाडी जातजाति र पहाडी जनजातिमा विद्यालयबाहिर रहने बालबालिकाको संख्या भने न्यून छ । 'सम्पन्नताको स्तर विद्यालय उपस्थितिको प्रमुख निर्धारक बनेको छ,' निर्देशक आचार्यले भने, 'विपन्न परिवारका ४५ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर छन् भने सम्पन्न परिवारका ३ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् ।'

सम्पन्न परिवारका बालबालिका पनि विभिन्न कारणले विद्यालय नगएको देखियो । उच्च शिक्षामा विद्यार्थीहरूको उपस्थिति मुख्य रूपमा शिक्षा, व्यवस्थापन, मानविकी र विज्ञान तथा प्रविधिमा केन्द्रित देखियो । करिब एक तिहाइ विद्यार्थी शिक्षा संकायमै छन् । तर यस क्षेत्रको आर्थिक योगदान सीमित देखिन्छ ।' विषय छनोटमा समेत जातजाति, लैंगिक, क्षेत्रीय र सम्पन्नताको प्रभाव देखिएको छ । जसले भविष्यको श्रमबजारमा असन्तुलन सिर्जना गर्ने जोखिम उनले उनले औंल्याए ।

*बाँकी पृष्ठ २*

Nepal Republic Media
नेपालीको पहिलो आवाज

## नेपाल रिपब्लिक मिडिया लि. को

## सार्वजनिक सूचना

मुलुकमा सरकारी विज्ञापनको आकार करिब पाँच अर्ब रुपैयाँको छ । गत भदौको जेन्जी आन्दोलनपछि बनेको सरकारमाथि निर्वाचन गराउनुपर्ने गम्भीर दायित्वसँगै दैनिक कार्यसञ्चालन र विकास निर्माणमा सरिक हुनुपर्ने जिम्मेवारी छ । यस्तो स्थितिमा सरकारी निकायले प्रकाशन गर्ने विज्ञापन खर्च पनि मुलुकको अवस्थाका आधारमा निकै बढी छ । भ्रष्टाचार विरुद्धसमेत सक्रिय रहेको वर्तमान सरकारमाथि स्रोतको दबाब उत्तिकै रहेको छ । यस विषम परिस्थितिमा नेपाल रिपब्लिक मिडियाले सरकारी निकायबाट दिइने विज्ञापनको दर घटाएर सहयोग पुऱ्याउने निर्णय गरेको छ । यसबाट थोरै भए पनि राहत हुने विश्वास हामीले लिएका छौं ।

हालसम्म मिडियाले सरकारी विज्ञापनका लागि एजेन्सीलाई बिल दिने र एजेन्सीले सरकारका लागि छुट्टै बिल जारी गर्दै आएको हो । नेपाल सरकारको २०८२/०८/०८ को निर्णयअनुसार मिडियाको बिललाई अनिवार्य गरेको छ । यो प्रावधान पारदर्शिता र आर्थिक अनियमितताविरुद्ध सरकारले लिएको उपयुक्त कदम हो । हामी आफूले जारी गर्ने बिलमा जति भुक्तानी पाउने हो, त्यतिको बिल मात्र जारी गर्न सक्छौं । आफूले भुक्तानी लिनेभन्दा बढी रकमको बिल बनाउन नसकिने हुँदा जेजति छुट दिनुपर्ने हो, सिधै सरकारलाई प्राप्त होस् भन्ने उद्देश्यका साथ यो सूचना प्रकाशित गरेका हौं ।

***नेपाल रिपब्लिक मिडियाले आफ्ना प्रकाशनहरूमा अर्को सूचना जारी नभएसम्मको लागि २०८२/१०/०१ देखि लागु हुने गरी निम्नअनुसार दररेट सरकारी विज्ञापनमा मात्र कायम गरिएको जानकारी गराउँछौं ।***

**दररेटः**

श्याम/श्वेत भित्री पृष्ठका लागि तोकिएको प्रति कोलम सेमी दर रु. ५००।-
सरकारी छुट २५ प्रतिशत गर्दा कायम हुने प्रति कोलम सेमी दर रु. ३७५।-
एजेन्सी छुट १५ प्रतिशत गर्दा कायम हुने प्रति कोलम सेमी दर रु. **३१९।-**

नागरिक दैनिक

In association with The New York Times International Edition
República

नेपाल रिपब्लिक मिडिया लिमिटेड
जेडिए, कम्प्लेक्स, बागदरबार, काठमाण्डौ



राष्ट्रिय भाक्का दिवसका अवसरमा मंगलबार बिर्तामोडस्थित डोमालाल रंगशालामा भाक्का बनाउँदै राजवंशी समुदाय। *तस्बिर : रासस*

# कठिन अवस्थामा कांग्रेस सहमतिको प्रयास जारी

**पृष्ठ १ बाट**

आफूहरूको कारणले पार्टी फुट्न नहुने बताउँदै प्रवक्ता प्रकाशशरण महतले भने, 'विभाजन हितमा छैन। यो हामीलाई राम्रो थाहा छ । त्यसकारण हामी कुराकानीमा अत्यधिक लचकताका साथ सबै पार्टीका साथीहरूलाई एकजुट बनाउन कोसिस गरिराख्या छौं, कुराकानी भइराखेको छ ।' एकता जोगाउन आफूहरू लचक रहे पनि महामन्त्रीहरू लचक भएर आउनुपर्ने जनाउँदै उनले भने, 'उहाँहरू पनि त्यही लचकताका साथ आउनुपर्छ ।'



नेपाली कांग्रेस विशेष महाधिवेशनअन्तर्गत नयाँ कार्यसमितिका लागि उम्मेदवारी दिन मंगलबार फाराम लिँदै नेताहरू। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

त्यस्तो अवस्थामा पार्टीको आधिकारिकताको लडाइँ निर्वाचन आयोगसहित अदालतसम्म पुग्नेछ । भृकुटीमण्डमा जम्मा भएका विशेष महाधिवेशन पक्षधरले त्यसका लागि आवश्यक पर्ने कागजातको जोहो गर्न महाधिवेशन प्रतिनिधिहरूलाई तीन प्रतिमा हस्ताक्षर गराएका छन् । त्यसले आधिकारिकता पाउने कुरामा कठिन रहेको संकेत दुवै महामन्त्रीले बन्दसत्रको सम्बोधनका क्रममा गरेका छन् ।

महामन्त्री थापाले विशेष महाधिवेशन आयोजना गरेर आफूहरूले विद्रोह गरेको बताए । पार्टीको आन्तरिक लोकतन्त्रमा प्रश्न गर्नु आफैंमा एउटा विद्रोह भएको जिकिर गर्दै उनले भने, 'यो विद्रोह हो। प्रश्न गर्नु आफैंमा एउटा विद्रोह हो । मौनता साँध्नु भनेको मृत्युलाई अँगाल्नुजस्तै हो।'

आफूलाई पद चाहिएर विशेष महाधिवेशन आयोजना नगरेको थापाले बताए पनि बन्दसत्रको अध्यक्षता गरेका तारामान गुरुङले उनलाई सभापति बनाएर महाधिवेशन टुंग्याउने दाबी गरेका छन् । तर महामन्त्री थापाले बाहिरको हल्लाको पछि आफू नलागेको र प्रतिनिधिहरूलाई पनि नलाग्न आग्रह गरे । अहिले बाहिर अनेक हल्ला चलाइएको बताउँदै उनले भने, 'कोही टिकटका लागि कोही भागबन्डाका लागि भनेका छन् तर म हल्लाको पछि लागेको छैन । तपाईंहरू पनि नलाग्नुस् ।'

विशेष महाधिवेशनको हलले गरेको अनुमोदन मात्रै आफूहरूले मान्ने र बाहिरबाट कुनै निर्णय हुन नसक्ने दाबी गरे । 'बाहिरको होइन, विशेष महाधिवेशनबाट विश्व र गगनलाई सभापति चाहिएको छैन । नीति र नेतृत्व परिवर्तन चाहिएको छ,' उनले भने, 'तपाईं हामी यति धेरै टाढाबाट आएका छौं । अब हललाई एउटा उपलब्धिपूर्ण तरिकारले आफ्नो अधिकार सुनिश्चित गर्न म आग्रह गर्छु ।'

# चिसोले कठ्यांग्रिँदै विद्यार्थी

ढोरपाटन (बागलुङ), पुस २९ (रासस)- अत्यधिक चिसो बढेपछि ढोरपाटनमा खोला र धारमा पानी जम्न थालेको छ। बिहानपख तुसारोले बाटो छेक्दा हिँडडुलमा पनि समस्या हुने गरेको छ। बिहानको समयमा तुसारो पर्ने र दिउँसो सिरसिर चलिराख्ने सिरेटोले स्थानीयको दैनिकी प्रभावित बनेको छ । यस्तो चिसोमा पनि यहाँका विद्यालय सञ्चालनमा छन्। केही विद्यालय घुम्ती पढाइका लागि बेंसी झरे पनि ज्योति विकास माध्यमिक विद्यालयका र सिद्ध प्राथमिक विद्यालय अहिले पनि यहीँबाट सञ्चालित छन्।



चिसोमा पढाइ हुँदा विद्यार्थीले सास्ती खेप्नुपरेको छ । चिसोले विद्यार्थी र शिक्षक बिरामी पर्दा पठनपाठन प्रभावित हुने गरेको छ। ढोरपाटन नगरपालिका-९ चिसापानीस्थित ज्योति विकास मावि तथा छेन्तुडस्थित सिद्धबराह प्राविका विद्यार्थी र शिक्षक बिरामी पर्न थालेपछि पठनपाठन प्रभावित बनेको छ । ढोरपाटनमा बिहानमा बाक्लो तुसारो पर्ने र दिउँसोमा चिसो सिरेटोले विद्यार्थीलाई ज्वरो, रुघाखोकीसहित निमोनिया हुने समस्या देखिँदा पढाइ प्रभावित बनेको ज्योति विकास मावि प्रधानाध्यापक चकबहादुर अदैले जानकारी दिए। चिसोका कारण धारो र खोलामा पानी जमेको छ।

अघिल्लो वर्ष पुस पहिलो सातादेखि माघ अन्तिम सातासम्म बिदा हुने गरे पनि यसपाली नगरपालिकाको वार्षिक क्यालेन्डरअनुसार चल्दा समस्या भएको प्रधानाध्यापक अदैले बताए । ढोरपाटनमा सञ्चालित जनवादी आधारभूत विद्यालय र सहलथान प्राथमिक विद्यालयले घुम्ती पठनपाठन सुरु गरेका छन्। जनवादीले ढोरपाटन-९ बिजौले र सहलथानले वडा नम्बर ८ को नौघर टोलाबाट पढाइ सञ्चालन गरेका छन्।

अघिल्ला वर्षमा बर्खे बिदाको समयमा पठनपाठन गर्ने र हिउँदमा विद्यालय बन्द गर्ने गरेका भए पनि यस वर्ष चिसोमा कठ्यांग्रिँदै कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको प्रअ अदैले बताए । अघिल्लो वर्षदेखि कक्षा १० सञ्चालन गरेको भन्दै यो याममा पोखरामा लगेर ट्युसन पढाएको उनको भनाइ छ । गत वर्षदेखि कक्षा १० सञ्चालन भएको यस विद्यालयमा अहिले एक सय ६८ विद्यार्थी अध्ययनरत छन्।

'चिसोले पानी जमेको छ, बालबालिका बिरामी पर्ने गरेका छन्, एकै दिन १५-२० विद्यार्थी बिरामी हुँदा पठनपाठनमा समस्या हुने गरेको छ, पोहोरपरार त यो बेलामा बिदा हुन्थ्यो', उनले भने, 'पहिले बर्खामा पढाउने र यो बेला बन्द गर्ने गर्थ्यौं, हिउँदमा पठनपाठन गर्न थालेको यसपालि पहिलोपटक हो तर निकै गाह्रो भइरहेको छ।'

चिसोका कारण हातखुट्टा कठ्यांग्रिँदा पढाइप्रति ध्यानै नजाने कक्षा १० मा अध्ययनरत छात्रा ओममाया विकले बताइन् । जाडोले विद्यालय जावतजावत गर्न गाह्रो हुने गरेको उनको भनाइ छ । जाडोका कारण पुस लागेपछि दुई तीन पटक बिरामी परेको विकले बताए । ढोरपाटनमा अधिकांश विपन्न वर्गका बालबालिकाले पढ्ने गर्छन्। ढोरपाटन नगरपालिकाका सहायक शिक्षा अधिकृत ज्ञानेन्द्रप्रकाश सापकोटले विद्यालयसँग सहकार्य गरेर वैकल्पिक उपाय खोज्ने बताए । शिक्षकहरूकै राय लिएर वार्षिक क्यालेन्डर बनाएको उनको भनाइ छ।

# इरानमा सरकार विरोधी प्रदर्शनमा ६४६ जना मारिए



**पृष्ठ १ बाट**

उनले तेहरानलाई पनि प्रदर्शनकारीलाई दबाउन बल प्रयोग नगर्न चेतावनी दिइरहेका छन् । 'इस्लामिक रिपब्लिक अफ इरानसँग व्यापार गर्ने कुनै पनि देशले अमेरिकासँगको सबै व्यापारमा २५ प्रतिशत कर तिर्नुपर्नेछ', ट्रम्पले सोमबार सामाजिक सञ्जालमा लेखेका छन्, 'यो आदेश अन्तिम र निर्णायक छ।'

ट्रम्पको राष्ट्रिय सुरक्षा टोलीले मंगलबार ह्वाइट हाउसमा बैठक गरेर इरानमाथि हस्तक्षेपका अन्य विकल्पमा छलफल गर्ने अपेक्षा गरिएको छ।

एबिसी न्युजलाई एक अमेरिकी अधिकारीले बताएअनुसार विचाराधीन विकल्पहरूमा प्रमुख शासन व्यक्तिहरू वा इरानको ऊर्जा वा बैंकिङ क्षेत्रमाथि नयाँ प्रतिबन्धहरू समावेश गर्ने विषय छन्।

ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लिभिटले ट्रम्पका लागि सैन्य विकल्पहरू खुला रहेको पत्रकारसँग बताएकी छन्। 'राष्ट्रपतिले सधैं सबै विकल्पहरूलाई तालिकामा राखेका छन् र हवाई एक विकल्प हुनेछ । कूटनीति सधैं राष्ट्रपतिको पहिलो विकल्प हो', उनले भनिन्।

प्रदर्शन फैलिँदै गर्दा अमेरिकाले आफ्ना नागरिकलाई इरान छोड्न आग्रह गरेको छ । 'निरन्तर इन्टरनेट बन्द हुन सक्छ । त्यसैले वैकल्पिक सञ्चारको योजना बनाउनुहोस् र सुरक्षित भएमा इरानबाट स्थल मार्ग हुँदै अर्मेनिया वा टर्की पुग्ने विचार गर्नुहोस्', अमेरिकाको तेहरानस्थित भर्चुअल दूतावासको वेबसाइटमा सोमबार उल्लेख गरिएको छ।

इरानभर डिसेम्बरको अन्त्यदेखि प्रदर्शन भइरहेको छ। सुरुमा राजधानी तेहरानमा बढ्दो मुद्रास्फीति र राष्ट्रिय मुद्रा रियलको मूल्य घट्दै गएकोमा प्रदर्शन भएका थिए। प्रदर्शन फैलिँदै गएपछि सरकार विरोधी स्वर पनि चर्किन थालेका छन्।

सर्वोच्च नेता आयतोल्लाह अली खोमेनीको नेतृत्वमा रहेको इरानी सरकारले प्रदर्शनकारीलाई दबाउन अश्रुग्यास र गोली प्रहार गरेको रिपोर्ट सार्वजनिक भएका छन्। देशभर केही दिनदेखि राष्ट्रिय इन्टरनेट बन्द छ । अनलाइन अनुगमन समूह नेटब्लकले मंगलबार जनाएअनुसार एक सय आठ घण्टादेखि देशव्यापी इन्टरनेट बन्द छ।

खोमेनी र उच्च इरानी अधिकारीहरूले प्रदर्शनकारीको आर्थिक गुनासो बुझ्न आफूहरु इच्छुक रहेको बताएका छन् । उनीहरूले सडकको असन्तुष्टिलाई दंगा र आन्तरिक आतंकवादका रुपमा वर्णन गरेका छन्। यो प्रदर्शनका लागि प्रमुख रूपमा अमेरिका र इजरायल जिम्मेवार भएको इरानको आरोप छ।

इरानकाविदेश मन्त्री अब्बास अराघ्चीले सोमबार प्रदर्शनलाई 'आतंकवादी युद्ध' का रूपमा चित्रण गरेका थिए । सरकारी टेलिभिजनले इरानका अन्य प्रमुख सहरमा भएका सरकार समर्थक प्रदर्शनको फुटेज प्रसारण गरेको छ । फुटेजमा तेहरानको क्रान्ति स्क्वायरमा इरानी झण्डा फहराउँदै गरेको देखाइएको छ। सरकारी टेलिभिजनले तेहरानको प्रदर्शनलाई 'अमेरिकी-इजरायली आतंकवादविरुद्धको इरानी विद्रोह' भनेर वर्णन गरेको छ।

इरानबाहिर रहेका इरानी नेताहरूले सर्वसाधारणलाई सडकमा आउन र सरकारलाई पदच्युत गर्न आग्रह गरेका छन् । अमेरिकामा रहेका इरानका निर्वासित क्राउन प्रिन्स रिजा पहलावीले सोमबार अमरिकी राष्ट्रपति ट्रम्पलाई प्रदर्शनकारीको समर्थनमा उपयुक्त कदम चाल्न अपिल गरेका छन् । 'मैले इरानी जनतालाई स्वतन्त्रताका लागि सुरक्षा बलको सख्याभन्दा बढी मात्रामा सडकमा आउन आह्वान गरेको छु', पहलावीले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । 'कृपया इरानका जनताको सहयोगका लागि हस्तक्षेप गर्न तयार रहनुहोस्', पहलावीले भनेका छन्।

# समग्र साक्षरता दर ७६.२

**पृष्ठ १ बाट**

संविधानसभाबाट २०७२ सालमा जारी संविधानले शिक्षालाई मौलिक हकका रुपमा सुनिश्चित गरेपछि निःशुल्क तथा अनिवार्य शिक्षा, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८), खाजा कार्यक्रम तथा लक्षित छात्रावृत्तिजस्ता क्षेत्रमा भएको नीतिगत पहलले विद्यालय उपस्थित दर र सिकाइ नतिजामा सुधार ल्याएको भए पनि अझै पनि माध्यमिक तहका १० प्रतिशत बालबालिकालाई विद्यालयभित्र ल्याउने चुनौती सरकार सामु रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुकार सापकोटाले बताए।



'विशेषगरी पछाडि परेका समुदाय र मधेसका बालबालिकाको शिक्षाको क्षेत्र सुधार गरी लक्षित वर्गलाई विद्यालयभित्र ल्याउने लक्ष्यसहित मन्त्रालयले काम अगाडि बढाएको छ', सापकोटाले भने, 'मन्त्रालय शतप्रतिशत विद्यार्थीलाई विद्यालयभित्र ल्याउने अथक प्रयासमा जुटेको छ। मधेसका ८ जिल्लाबाहेक सबै जिल्ला साक्षर घोषणा भइसकेका छन् । डोल्पा जिल्ला पनि साक्षर घोषणा हुने क्रममै छ । मधेसमा ८६ प्रतिशत साक्षरता दर पुऱ्याउने लक्ष्यसहित कार्यक्रम सञ्चालनमा छ। मधेस प्रदेशले पनि यही आर्थिक वर्ष अर्थात् ६ महिनाभित्र साक्षरता घोषणा गर्ने प्रतिबद्धता गरेका छन्।'

उनका अनुसार प्राथमिक तहका ५ देखि ९ वर्ष उमेर समूहका ९६ हजार बालबालिका विद्यालयबाहिर छन् र उनीहरू सबैलाई यही आर्थिक वर्ष विद्यालयभित्र ल्याउने काम भइरहेको छ।

# ५० प्रतिशत संवेदनशील

**पृष्ठ १ बाट**

त्यसमध्ये एक अर्ब ९४ करोड चालु र बाँकी चार करोड रुपैयाँ पुँजीगत खर्चअन्तर्गत छुट्याइएको हो । सेनाले निर्वाचनका लागि तीन अर्ब ५२ करोड रुपैयाँ बजेट माग गरेको थियो।

एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार सेना निर्वाचनमा प्रहरीको तेस्रो घेराका रूपमा खटिनेछ । हरेक निर्वाचन क्षेत्रमा बेस बनाएर सेनालाई परिचालन गर्न लागिएको छ। निर्वाचनको समयमा विमानस्थल, कारागारलगायत महत्त्वपूर्ण संरचनाको सुरक्षाको जिम्मेवारी पनि सेनाले लिनेछ। निर्वाचनको ठिक एक महिनाअघि अर्थात् २१ माघदेखि सेनालाई नियमित गस्तीमा खटाउने सुरक्षा योजनामा उल्लेख छ।

निर्वाचनका लागि अर्थ मन्त्रालयले नेपाल प्रहरीलाई आठ अर्ब ६६ करोड, सशस्त्र प्रहरी बललाई एक अर्ब ४६ करोड तथा राष्ट्रिय अनुसन्धान विभागलाई पाँच करोड ८५ लाख बजेटको सुनिश्चितता दिएको छ।


स्थानीय सरकार

**राजपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

राजपुर, रौतहट

मधेश प्रदेश, नेपाल

## आशयको सूचना प्रकाशन सम्बन्धमा

(प्रकाशित मितिः २०८२/०९/२९)

यस कार्यालयबाट मिति २०८२/०६/१२ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सम्बन्धी सूचना bolpatra.gov.np/egp मा प्रकाशित गरी बोलपत्र आव्हानको सूचना अनुसार तपसिलका बोलपत्रको बोलपत्रदाताहरुको विभिन्न चरणको प्रस्तावको मुल्याङ्कन गर्दा सबै भन्दा कम अंक कबोल गर्ने देहाय बमोजिम बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद नियमावली २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सरोकारबाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय

| सि.नं | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS समेत) |
|---|---|---|---|---|
| 1 | Rajpurmun/NCB/Works/01/082-83 | Construction of Blacktop Road along Damar dekhi Rajpur Na. Pa. Simana Samma, Rautahat | M/S Chandidevi Nirman Sewa, Bidur Na. Pa. 04, Nuwakot | 37737825.44 |

प्रमुख प्रशासकीय अधिकृत



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Department of Water Resources and Irrigation**
**Mega Dang Valley Irrigation Project**
**Tulsipur, Dang**

## Invitation of Electronic Bids for the Procurement of works

**First Date of Publication: 2082/09/30 (January 14, 2026)**

1. Government of Nepal, Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, **Mega Dang Valley Irrigation Project, Tulsipur, Dang** invites electronic bids from all Nepalese eligible bidders for the procurement of various works (6 packages at different locations of Tulsipur SMC, Dangisharan RM, Shantinagar RM and Babai RM, Dang) as detailed in online notice through the PPMO website: https://bolpatra.gov.np/egp .
2. Purchase, Submission and Opening of Bids.

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bidding Documents | On or before 2082-11-01 BS (13-02-2026) | 12:00 Hours. |
| Submission of Bids. | On or before 2082-11-01 BS (13-02-2026) | 12:00 Hours. |
| Opening of Bids | 2082-11-01 BS (13-02-2026) | 13:00 Hours. |

3. Information to deposit the cost of bidding documents.
**Name of the Bank**: Nepal Bank Limited, Dang
**Name of Office**: District Treasury Controller's Office, Dang (Mega Dang Valley Irrigation Project, Dang)
**Office Code no:** 308035602
**Rajaswa Account No.:** 00101000000001001001
**Rajaswa (revenue) Shirshak no.** : 14229
4. For all other details, please refer to the complete set of bidding documents through the PPMO website: https://bolpatra.gov.np/egp

**Project Manager**



नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय पदाधिकारी तथा सदस्यहरू मंगलबार पार्टी कार्यालय पेरिसडाँडामा पथ तथा गोपनीयताको शपथ लिँदै । *तस्बिर : विजय राई/नागरिक*

# पुरुषभन्दा महिलामा हाडजोर्नीसम्बन्धी समस्या बढी

## सिभिल अस्पताल हाडजोर्नी विभागमा आउने बिरामीमा ७० प्रतिशत महिला

पवित्रा सुनार

*काठमाडौं, पुस २९*

बुढ्यौलीमा महिला र पुरुष दुवैको हाडजोर्नी कमजोर हुन्छ । तुलनात्मक रूपमा हाडजोर्नी समस्याले कम उमेरमै महिलालाई सताउने चिकित्सकहरू बताउँछन् । यसलाई राष्ट्रिय-अन्तर ाष्ट्रिय तथ्यांकहरूले पनि पुष्टि गरेका छन् । नेपाल प्रहरी अस्पतालको हाडजोर्नी विभागले सन् २०२५ मा सार्वजनिक गरेको प्रतिवेदनअनुसार रजनोवृत्तिपछि उपचारमा गएकामा हड्डीको घनत्व बढी घट्ने अर्थात् ओस्टियोपोरोसिस हुने समस्या देखिन्छ ।

यो विभागमा सन् २०२४ जनवरीदेखि डिसेम्बरसम्म उपचारमा पुगेका रजनोवृत्ति भएका महिलामध्ये ७१.९५ प्रतिशतमा ओस्टियोपोरोसिस समस्या देखिएको थियो । ८२ जना महिलामध्ये ५९ मा यस्तो समस्या देखिएको पाइयो । डेक्सास्क्यान मेसिनबाट उनीहरूको हड्डीको घनत्व जाँच गरिएको थियो ।

यसैगरी सिभिल अस्पतालमा हाडजोर्नी विभागमा उपचार गर्न पुग्ने बिरामीमध्येमा ७० प्रतिशत महिला छन् भने ३० प्रतिशत पुरुष छन् । पुरुषहरू चोटपटक या नसा च्यापिएका समस्या लिएर पुग्ने गरेकोमा महिला भने हड्डीकै रोगका कारण अस्पताल पुग्ने गरेको हाडजोर्नी सर्जन डा. परिमल आचार्य बताउँछन् ।

चिकित्सकका अनुसार उपचारमा आउने महिलामा प्रायः जोर्नी, घुँडा खिइएका, क्रोनिक पाता दुखेको, हड्डी फुट्ने या टुक्रिने, गर्धन दुख्ने र ढाड दुख्ने समस्या लिएर पुग्छन् । यीमध्ये पनि महिलामा बढी देखिने हाडजोर्नीको रोग भनेको हड्डी कमजोर हुने अर्थात् अस्टियोपोरोसिस हो । यस्ता समस्या नेपाली महिलामा विकराल रूपमा देखिएको चिकित्सक बताउँछन् । हड्डीमा ओस्टियोपोरोसिस भएका महिलामा प्रायः सामान्य चोटपटक या चोटपटकविना नै हड्डी चर्किने, दुख्ने जस्ता समस्या हुन्छन्, जुन समस्याका कारण कतिपय अवस्थामा लड्नेबित्तिकै हड्डी भाँचिएर कतिपयको मृत्युसमेत हुने गरेको छ ।





त्यसैगरी महिलामा जोर्नीका हड्डी खिइने, कुरकुरे हड्डी खिइनेलगायतका समस्या पुरुषको तुलनामा बढी देखिएको डा. आचार्य बताउँछन् । 'यस अस्पतालमा घुँडा खिइएर हुने शल्यक्रिया ९० प्रतिशत महिलामा हुन्छ भने पुरुषमा १० प्रतिशत मात्र हुन्छ', उनले भने । यसका साथै नाडीमा नसा च्यापिने समस्या पनि महिलामा बढी देखिन्छ । विशेषगरी थाइराइड भएका महिलामा बढी हुन्छ । यो समस्या ४५ वर्षदेखि नै सुरु हुन्छ ।

**रजनोवृत्ति र स्ट्रोजनम हर्मोनको कमीले हड्डीका रोग बढी**

चिकित्सकका अनुसार महिलामा रजनोवृत्ति प्रक्रिया सुरु हुने समयदेखि नै शरीरमा स्ट्रोजन हर्मोन कम हुँदै जान्छ । यो हर्मोनले शरीरमा भएका हड्डी बलियो पारेर राख्छ । यो हर्मोन कम भएपछि हड्डीबाट क्याल्सियम निस्कँदै जान्छ । हड्डीबाट क्याल्सियम निस्किएपछि हड्डी खोक्रो हुँदै जान्छ । यो समस्यालाई अस्टियोपोरोसिस भनिन्छ, जसका कारण ६० वर्ष उमेरका महिलामा ढाड, नाडी, ढाडको हड्डी टुक्रिन सुरु हुन्छ । यसको कारण धेरै महिला उमेरमै कुप्रो पर्छन् । रजनोवृत्ति सुरु भएपछि शरीरको हड्डी खिइँदै जान्छ ।

**पोषणको कमी** : महिलामा हाडजोर्नी समस्या हुने अर्को कारण हो- पोषणमा कमी । नेपाली समाजमा भोजनमा कार्बोहाइड्रेटयुक्त खाना बढी समावेश हुन्छ । हाम्रा खानामा कार्बोहाइड्रेट धेरै हुने तर हड्डी बलियो बनाउन आवश्यक क्याल्सियम र प्रोटिन कम हुनुले पनि महिलामा हाडजोर्नीका समस्या कम उमेरमै देखिने गरेको चिकित्सकको भनाइ छ । 'खानामा पोषणको कमीका कारण महिलामा ५० वर्षपछि नै हाडजोर्नीका समस्या देखिन्छन् भने पुरुषमा ७० वर्षपछि मात्र समस्या सुरु हुन्छ', डा. आचार्य बताउँछन् ।

**शारीरिक बनोट** : चिकित्सकका अनुसार महिलाको शारीरिक बनोटकै कारणले पनि तल्लो भागमा बढी भार पर्न गई हड्डी खिइँदै जान्छ । महिलाको शरीरको बनोट पेल्भिस (नाइटोको तल्लो भाग) ८० डिग्रीभन्दा बढी हुन्छ भने पुरुषको ७० डिग्रीभन्दा कम हुन्छ । महिलाको पेल्भिस चौडा भएकाले पनि पेल्भिसवरपरको भागमा हुने मांसपेशी तथा हड्डीको भार बढी हुन्छ । जसका कारण पेल्भिस वरपरको मांसपेशी कमजोर हुन्छ । पेल्भिसको मांसपेशी कमजोर भएमा शरीरको भाग जोर्नीमा पर्छ । जसका कारण घुँडा तथा हिपको भाग खिइँदै जान्छ ।

> चिकित्सकका अनुसार महिलामा हाडजोर्नीका समस्या विकराल रूपमा देखिएको छ । हड्डीमा ओस्टियोपोरोसिस भएका महिलामा प्रायः सामान्य चोटपटक या चोटपटकविना नै हड्डी चर्किने, दुख्ने जस्ता समस्या हुन्छन् ।

**वंशाणु** : महिलामा हाडजोर्नी समस्या बढी हुनुमा वंशाणुगत कारण पनि हुन्छन् । आमा या हजुरआमालाई हड्डीसम्बन्धी रोग भएमा पछिल्लो पुस्तामा पनि देखा पर्ने चिकित्सक बताउँछन् । हाडजोर्नी जोड्ने लिगामेन्ट कमजोर हुँदा पनि पुरुषको तुलनामा महिलाको जोर्नी बढी खिइने चिकित्सक औंल्याउँछन् ।

**मोटोपना र जीवनशैली** : महिलामा हाडजोर्नीका रोग बढी देखिनुमा जीवनशैली पनि मुख्य कारण रहेको डा. आचार्य बताउँछन् । उनका अनुसार तुलनात्मक रूपमा महिला घरेलु काम बढी गर्छन् । घरेलु काम भन्नाले तलमाथि, वरपर र उभिएर खाना पकाउने, सफाइ गर्ने आदि हुन् । यति कामले हड्डी स्वस्थ र बलियो नपार्ने बरु तौल वृद्धिमा मद्दत पुऱ्याउने चिकित्सक बताउँछन् । आवश्यक व्यायाम अपुग भएकाले पनि हड्डीमा बढी समस्या आउने गरेको हो । सीमित काम, असन्तुलित भोजन र आरामदायी जीवनशैलीले तौल बढ्ने र आवश्यक व्यायाम नपुग्ने भएका कारण हाडजोर्नी कमजोर हुने डा. आचार्य बताउँछन् । बढी तौलले हाडजोर्नीमा भार पर्न गई खिइने क्रम सुरु हुन्छ ।

**दीर्घ रोग** : क्रोनिक रोगका लागि बिरामीले प्रयोग गर्ने स्टेरोइडजस्ता औषधीका कारण पनि महिलाका हड्डीमा असर पुऱ्याउने चिकित्सक बताउँछन् । यो औषधी लामो समय सेवन गर्दा दमको रोगलाई सहज भए पनि हड्डी कमजोर बनाउँदै लैजान्छ ।

**कसरी बच्ने** : महिनावारी बन्द भएपछि महिलाको शरीरमा स्ट्रोजन हर्मोन कम हुँदै जान्छ तर पूरै बन्द हुँदैन । नियमित व्यायाम गर्ने तर कडा व्यायाम नगर्ने गर्न सकिन्छ । विशेषगरी नियमित हिँड्ने र एरोबिक व्यायाम महिलाका लागि उचित हुन्छ ।

**पोषणयुक्त खाना खाने** : पोषणयुक्त अर्थात् सन्तुलित खानाले हाडजोर्नीलाई आवश्यक पोषण पुग्छ र बलियो राख्न मद्दत गर्छ । प्रोटिन, क्याल्सियमयुक्त खानेकुरा नियमित खाने । यसका साथै सूक्ष्मपोषक तत्त्व भएका सबै खानेकुरा नियमित भोजनमा समावेश गर्ने ।

**दीर्घरोगबाट बच्ने** : जसलाई क्रोनिक रोग लाग्छ, उनीहरूले नियमित रूपमा सहनैपर्छ । दमरोगीमा स्टेरोइड प्रयोग गर्नुपर्छ । यसले गर्दा हड्डी कमजोर हुन्छ । यस्तो रोगबाट बच्न सानै उमेरदेखि हेरचाह र सन्तुलित व्यायाम आवश्यक पर्छ ।

**तौल नियन्त्रण र नियमित व्यायाम** : शरीरको उच्चाइअनुसार आवश्यक तौल व्यवस्थापन गरेमा तौलका कारण हड्डीमा भार नपर्ने भएकाले सन्तुलित र उचित क्यालोरीसहितका खाना खाने, नियमित व्यायाम गरेर तौल नियन्त्रण राख्न चिकित्सकले सुझाव दिएका छन् । हाडजोर्नी सधैंका लागि बलियो बनाउन महिलाले ३५ वर्षभित्रै कडा व्यायाम र स्वस्थ जीवनशैली अपनाएमा हड्डी स्वस्थ राख्न सकिन्छ ।

**सकेसम्म पाठेघर जोगाएर राख्ने** : हिजोआज यो या त्यो बहानामा पाठेघर निकाल्ने चलन बढ्दो छ । पाठेघर कम उमेरमै निकाल्दा हड्डी कमजोर हुने भएकाले सकेसम्म पाठेघर बचाएर राख्न चिकित्सकले सुझाव दिएका छन् । पाठेघरसहित डिम्बासयलाई पनि कम्तीमा ५५ वर्षसम्म जोगाएर राख्नुपर्छ ।

**कसरी हड्डी बलियो राख्न सकिन्छ** : हड्डी बलियो राख्नका लागि भिटामिन बी, क्याल्सियम, प्रोटिनयुक्त खाना नियमित भोजनमा समावेश गर्ने, युवा उमेरमा खेलकुदमा भाग लिने र नियमित सन्तुलित व्यायाम गरेमा हड्डी बलियो बन्ने चिकित्सक सुझाउँछन् । यसका साथै रजनोवृत्तिपछि शरीरबाट स्ट्रोजन हर्मोन पूरै बगेर जाँदैन । त्यसपछिको उमेरमा पनि केही मात्रामा स्ट्रोजन हर्मोन पेटको बोसो भएको भागबाट उत्पादन भइरहन्छ । यसकारण महिलाले उमेर पुगेपछि धेरै दुब्लाउनुको सट्टा थोरै मात्रामा मोटोपना कायम राख्नुपर्ने चिकित्सक सुझाव छ, जुन हर्मोनले हड्डी बलियो राख्ने काम गर्छ । बोसोले पनि हर्मोन उत्पादन गर्ने डा. आचार्यको भनाइ छ ।

# 'नेपालमै विद्यार्थी रोक्ने वातावरण बनाऔं'

अमर खड्का

*इटहरी, पुस २९*

नेपाली विद्यार्थीलाई स्वदेशमै रोक्ने वातावरण बनाउन तल्लो कक्षादेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने मंगलबार इटहरीमा आयोजित कार्यक्रमका वक्ताहरूले बताएका छन् । उनीहरूले कक्षा १२ पछि पनि नेपाली विद्यार्थीलाई स्वदेशमै पढ्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।





प्याब्सन सुनसरी जिल्ला परिषद् भेला उद्घाटनमा सहभागी । *तस्बिर : नागरिक*

कक्षा १२ पछि पनि नेपाली विद्यार्थीलाई रोक्ने वातावरण बनाउनुपर्ने निजी विद्यालय प्याब्सन सुनसरीको जिल्ला परिषद् भेलालाई सम्बोधन गर्दै प्याब्सन पूर्वकेन्द्रीय अध्यक्ष टीकाराम पुरीले बताए । उनले भने, 'एकातिर जन्मदार घट्दो भएकाले निजी विद्यालय टिकाउन गाह्रो छ । अर्कातिर गरिखाने व्यक्तिलाई माफियाको ट्याग लगाएर समस्या छ ।'

उनले अहिलेका विद्यार्थीलाई भ्रष्टाचारी बनाउने कि सदाचारी भन्ने कुरा शिक्षकका हातमा भएकाले शिक्षकले विवेक पुऱ्याएर शिक्षण गर्नुपर्ने सुझाए । 'अहिलेका विद्यार्थीलाई कुनै पनि पार्टीको झोले बनाउने कि असल नागरिक बनाउने ?', उनले भने, 'शिक्षकले विद्यार्थीलाई सही गन्तव्यमा पुऱ्याउने काम शिक्षककै हो ।'

पूर्वकेन्द्रीय अध्यक्ष पुरीले असल शासकले देशमा नेतृत्व गरेमा १०(१५ वर्षमै देशमा ठूलो परिवर्तन आउने र शिक्षा क्षेत्रको विकासले पनि गति लिने विश्वास गरे । 'अबको शिक्षा अब निर्वाचित संसद् र सरकारमा भर पर्छ', उनले भने, 'राजनीतिक अस्थिरताले निजी शिक्षा क्षेत्र पनि अस्थिर बन्न पुग्यो ।'

कार्यक्रममा प्याब्सन कोसी प्रदेश अध्यक्ष सुमित थापाले वास्तविकता नबुझ्दा सरकार फेरिएपिच्छे निजी विद्यालयलाई निसाना बनाउने गरिएको बताए ।

कार्यक्रममा प्याब्सन सुनसरी जिल्ला अध्यक्ष थानेश्वर (नेशनल) ढकालले नीति निर्माण तहमा बुझ्ने व्यक्ति नपुग्दा समस्या हुने गरेको बताए । उनले अब निजी विद्यालय पनि पुरानै पाराले सञ्चालन गर्दा शिक्षामा गुणस्तरीय वृद्धि गर्न नसकिने बताए । सो क्रममा प्याब्सन सुनसरी जिल्ला कार्यसमितिले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मानसमेत गरियो ।

### कैलालीका भूपेन्द्र हत्या प्रकरण

# १३ जनालाई जन्मकैद

दिलबहादुर छत्याल

*धनगढी, पुस २९*

कैलालीको टीकापुरमा चार वर्षअघि फिल्मी शैलीमा गरिएको चर्चित भूपेन्द्र बडुवाल हत्या घटनामा जिल्ला अदालतले १३ जनालाई जन्म कैदको सजाय सुनाएको छ । लम्कीचुहा नगरपालिका- १ का २३ वर्षीय भूपेन्द्र बडुवालको हत्या प्रकरणमा मंगलबार कैलाली जिल्ला अदालतले फैसला सुनाएको हो ।

जिल्ला न्यायाधीश गोकुल निरौलाको एकल इजलासले मुख्य अभियुक्त नवीन रावलसहितका ६ जनालाई जीवित रहेसम्म जन्मकैद हुने फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए । रावलसहित आर्यान देवकोटा, रोशनबहादुर शाही, अनुज भन्ने चिरञ्जीवीजंग शाही, रोहित आले र हिमाल शाही गरी ६ जनालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ बमोजिम जीवित रहेसम्म (आजीवन) जन्मकैद सजाय हुने ठहर गरेको उनले बताए ।

यसैगरी मदन शाही, हेमन्त शाही, धिरज भन्ने दीपेन्द्र शाही, गोलु भन्ने निशान्त मल्ल र शोहन शाहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिम जन्मकैदको सजाय सुनाइएको छ । लोकेन्द्र कुवँर र सविनजंग शाहीलाई समेत अभियोग दाबीबमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको उपाध्यायले बताए ।

यो मुद्दामा सुरुदेखि फरार रहेका प्रतिवादी लोकजंग शाहीको हकमा भने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ बमोजिम मुद्दामुल्तबीमा राख्ने आदेश भएको उनले बताए । प्रतिवादी अशोक रावल, महेश रावल, जयन्द्र शाह, विकास खड्का, प्रविन रिमाल, विकास शेरचन थकाली र कपिल श्रेष्ठ गरी सातजनालाई भने अभियोग दाबीबाट पूर्णरूपमा सफाइ दिइएको उनको भनाइ छ ।

कैलालीको लम्कीचुहा नगरपालिका- १ का २३ वर्षीय बडुवालको २०७८ साल कात्तिक २३ गते टीकापुरमा दुई किलोमिटर लखेट्दै फिल्मी शैलीमा खुकुरी र चक्कु प्रहार गरी भूपेन्द्रको क्रूरतापूर्वक हत्या गरिएको थियो ।



भूपेन्द्र बडुवाल

- उच्च अदालतको आदेशले थुनामा रहेका दुईजनालाई पनि सजाय
- ६ जनालाई जन्मकैद
- भूपेन्द्रका आमाबुबाद्वारा न्यायका लागि अदालतमा अस्तु प्रस्तुत
- हत्यामा आपराधिक संगठित समुह संलग्न
- दुई किलोमिटर लेखेटीलेखेटी हत्या
- हत्यामा पेस्तोल, बन्दुक, खुकुरीको प्रयोग

२०७८ फागुन २६ मा जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा नवीन रावलसहितका २१ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गरेको थियो । सजाय तोकिएका १३ जना प्रतिवादीले १५ लाख रुपैयाँ पीडितलाई दामासाहीका आधारमा क्षतिपूर्ति दिनुपर्ने आदेश पनि गरिएको छ । उनीहरूबाट कानुनबमोजिम जनही दुई हजार आठ सयका दरले पीडित राहत कोषमा रकम दाखिला गर्नुपर्ने ठहर गरिएको सूचना अधिकारी उपाध्यायले बताएका छन् ।

**उच्च अदालतको आदेशले थुना परेका दुईजनालाई पनि सजाय**

लोकेन्द्र कुँवर, सविनजंग शाही र विकास खड्कालाई चार वर्षअघि कैलाली जिल्ला अदालतले मंसिर २४ गते धरौटीमा छाड्ने आदेश दिएको थियो । कैलाली जिल्ला अदालतका तत्कालीन न्यायाधीश खेमराज भट्टको इजलासले कुँवर र शाहीलाई एक लाख ५० हजार र खड्कालाई ७५ हजार धरौटी लिएर रिहा गर्ने आदेश दिएको थियो ।

उच्च अदालतको आदेशपछि चैत पहिलो साता उनीहरू पक्राउ परेका थिए । विकास खड्काले सफाइ पाए पनि कुँवर र शाहीलाई आजीवन काराबास सजाय सुनाइएको छ । उनीहरूको रिहा गरिएपछि आर्थिक चलखेलमा हत्यामा संलग्नलाई धरौटीमा रिहा गरेर बचाएको भन्दै पीडितका आफन्तले विरोध गरेका थिए । लम्कीबाट धनगढी आएर भूपेन्द्रका आफन्त तथा स्थानीयले धनगढीस्थित जिल्ला अदालतको गेटअगाडि प्रदर्शन गरेका थिए । हत्यामा संलग्नलाई धरौटीमा रिहा गरिएकाले न्यायको माग गर्न भन्दै भूपेन्द्रका बुबा र आमाले न्यायाधीशसमक्ष छोराको अस्तु बुझाएका थिए । धरौटीमा रिहा गर्ने आदेश बदरका लागि सरकारी वकिलको कार्यालयले उच्च अदालतमा पुनरावेदन दिएको थियो ।

**बडुवाल हत्यामा संलग्न आपराधिक संगठित समुह**

बडुवाल हत्यामा संलग्न समुहले कैलालीमा तीन वर्षपहिले देखि संगठित रूपमा अपराध गरिरहेको प्रहरी भनाइ छ । यो समुहको सञ्जाल काठमाडौंलगायत धेरै जिल्लामा रहेको भूपेन्द्रको हत्यापछि प्रहरी अनुसन्धानबाट खुलेको थियो । यो समुहका व्यक्तिले यसअघि पनि ज्यान मार्ने उद्देश्यले काठमाडौं र कैलालीमा आधा दर्जन बढीलाई खुकुरी प्रहार गरेको प्रहरीले बताएको छ । संगठित रूपमा अपराधमा संलग्न यो समुहका व्यक्तिलाई कारबाही नहुँदा निर्धक्कसँग हतियार बोकेर आपराधिक गतिविधि गर्दै आएका थिए ।

पेस्तोल, बन्दुक, खुकुरीलगायतका हातहतियार रहेको यो समुहका सदस्यले चन्दा, फिरौती, कमिसन उठाउने गर्दै आएको थियो । यो समुह परिचान गर्नेको काठमाडौंको डन र भारतका डन तथा आपराधिक समुहसँग पनि सम्पर्क रहेको प्रहरी भनाइ छ ।

**घटना यस्तो थियो**

कपिल श्रेष्ठले गाह्रो पऱ्यो भनेर बोलाएका र लम्कीबाट गएका भूपेन्द्रलाई टीकापुरको जमरा पुलनजिकबाट दुई किलोमिटर लखेट्दै लगेर टीकापुर सिद्धार्थ होटलनजिक कौसी बिष्टको घरको आँगनमा पेट र छातीको भागमा दुईपटक, पिठ्युँ भागमा तीनपटक र टाउकोपछाडिको भागमा एकपटक धारिलो हतियार प्रयोग गरी क्रूर ढंगले हत्या गरेको प्रहरी भनाइ छ ।

# तीन पुस्तादेखि टमाटर खेती

जानकी (बाँके), पुस २९ (रासस)- 'मेरा दुई छोरा सात लाख रुपैयाँ ऋण झिकेर विदेश गए । उनीहरूलाई त्यो ऋण तिर्न दुई वर्ष लाग्यो । मैले पनि सात लाख नै ऋण झिकेर टमाटरखेती गरें । दुई महिनामै टमाटर बिक्री गरेर सबै ऋण तिरिसकें', बाँकेको खजुरा गाउँपालिका- २, सी गाउँका किसान वीरेन्द्रप्रसाद मुराउ भन्छन्, 'तर मेरा छोराहरू अझै ऋण तिर्दैछन् ।'

वीरेन्द्रको यो भनाइले वैदेशिक रोजगारी र स्वदेशमै गरिएको व्यावसायिक कृषिबिचको आर्थिक अन्तर स्पष्ट देखाउँछ । तीन पुस्तादेखि निरन्तर टमाटर खेती गर्दै आएको मुराउ परिवारले आज आधुनिक प्रणाली अपनाएर खेतीलाई आम्दानीको बलियो आधार बनाएको छ ।

वीरेन्द्रले यस वर्ष चार बिघा जग्गामा व्यावसायिक रूपमा टमाटर खेती गरेका छन् । उनका अनुसार यसका लागि प्रारम्भिक लगानी करिब सात लाख रुपैयाँ पुगेको छ । 'बिउ, मल, प्लास्टिक, सिँचाइ, मजदुरी र विषादीमा लगानी हुन्छ', उनले भने, 'तर बजार राम्रो भयो भने दुईतीन महिनामै लगानी उठ्छ ।'

मंसिरको पहिलो सातादेखि टमाटर टिप्न सुरु गरेका वीरेन्द्रले हालसम्म करिब एक सय क्विन्टल टमाटर बिक्री गरेर साढे ६ लाख रुपैयाँभन्दा बढी आम्दानी गरिसकेका छन् । 'अझै हजार क्विन्टलभन्दा बढी टमाटर टिप्न बाँकी छ', उनले भने, 'सबै बिक्री भयो भने यो वर्ष मात्रै ६० देखि ७० लाख रुपैयाँसम्मको कारोबार हुने अनुमान छ ।'

यस वर्ष टमाटरको बजार मूल्य प्रतिकेजी ७० रुपैयाँसम्म पुगेकाले किसानलाई ठूलो राहत पुगेको छ । 'भाउ राम्रो हुँदा किसानको मेहनतको मूल्य पाइएको महसुस हुन्छ', वीरेन्द्रले भने । उत्पादन लागत घटाउन आधुनिक मल्चिङ प्रविधि प्रयोग गरिएको छ । वीरेन्द्रका अनुसार टमाटर खेती कुनै नयाँ पेसा होइन । '०३६ सालदेखि बुबाले टमाटर खेती गर्दै आएका थिए । बुबाले परम्परागत तरिकाले टमाटर खेती गरेर नै तीन पुस्ताको परिवार चलाउनुभयो', उनले भने, 'अब समय परम्परागत रहेन । त्यसैले मैले यो खेती गर्न सुरु गरेदेखि नै आधुनिक प्रविधिबाट गर्दै आइरहेको छु ।'

बुबाको उमेर ढल्किएपछि विगत तीन वर्षदेखि वीरेन्द्रले खेतीलाई पूर्णरूपमा सम्हाल्दै आएका छन् । 'मैले आधुनिक प्रणाली अपनाएँ', उनले भने, 'त्यसपछि उत्पादन पनि बढ्यो, लागत घट्यो ।' गत वर्ष पनि वीरेन्द्रले पाँच लाख १० हजार रुपैयाँ ऋण लिएर टमाटर खेती गरेका थिए । 'भदौमा लिएको ऋण दुई महिनामै तिरें', उनले भने । टमाटर खेतीबाट भएको नाफाले उनले टमाटर ढुवानी र बिक्रीका लागि अटोसमेत खरिद गरेका छन् । 'पहिले भाडाको साधन खोज्नुपर्थ्यो, अहिले आफ्नै साधन छ । मैले टमाटर ओसारपसार गरेर बिक्रीका लागि एउटा अटो किनेको छु', उनको भनाइ छ ।

MADAN BHANDARI UNIVERSITY OF SCIENCE AND TECHNOLOGY

Chitlang, Thaha Municipality Ward 9, Bagmati Province

**ADDENDUM NOTICE NO. 1**

Date: January 14, 2026, Wednesday (Poush 30, 2082)

The University has made the following amendment to the bidding Documents and invitation for Bids for the Construction of works under Multiple Packages at Chitlang, **Contract Identification IFB No.: MBUST/W/NCB/02/2082/83** published on December 23, 2025, Tuesday (Poush 08, 2082) in the **"Nagarik"** national daily.

**In Invitation for Bids, Bullet 1 and 7 and Bid Data Sheet ITB Clause 16.1, Estimate cost and Bid Security**

| No. | Contract Number | Number of Package | Total Estimated Amount in NPR (Inclusive VAT) | | Bid Security | |
|---|---|---|---|---|---|---|
| | | | Existing | Amendment | Existing | Amendment |
| 1 | MBUST/ W/ NCB/ 02.04 /2082/83 | Package No. 4 | 5,151,376.19 | 2,621,764.62 | 100,000.00 | 50,000.00 |

The cost of bid is Rs. 3,000.00 for the whole packages or for individual package.

In the Bill of Quantities of Package 4, the unit of serial no. **i. "cum."** has been replaced by **"sq.m"** and the unit of serial no. v. **"sq.m"** has been replaced by **"cum."**

Vice President, Administration and Finance

जुन काम तिमी आज गर्न सक्छौ, त्यसलाई कहिल्यै भोलिका निम्ति नछोड।
–बेन्जामिन फ्रेंकलिन

## उपार्जन, उपभोग र अर्थतन्त्र

युवा शक्तिको बाहुल्य रहेको जनसंख्यालाई आर्थिक लाभका निम्ति उपयुक्त मानिन्छ। जुन जनसंख्यामा जेष्ठ नागरिकको संख्या बढी हुन्छ, त्यसलाई आर्थिक दृष्टिकोणले सकारात्मक मान्न सकिँदैन। त्यही भएर जापानजस्तो वृद्ध व्यक्तिको संख्या बढी भएको मुलुकमा काम गर्न सक्ने उमेरको जनसंख्याको खोजी भइरहेको छ। हाम्रो मुलुकमा युवाशक्ति चलायमान छ। त्यसमा पनि विवाह गर्ने, सन्तान उत्पादन गर्ने र कमाउधन्दा गर्नेसमेत युवा जनशक्ति भयो भने त्यसले अर्थतन्त्रलाई अगाडि लैजान सक्छ। अर्थतन्त्रलाई चलायमान बनाउन काम गर्न सक्ने उमेरको आवश्यकता हुन्छ। हाम्रो मुलुकको जनसांख्यिक संरचनामा काम गर्न सक्ने उमेर समूहको बाहुल्य छ। तैपनि यस्तो जनशक्ति कामविहीन छ।

युवा बेरोजगारी दर उच्च र श्रमशक्ति सहभागिता न्यून हुँदा त्यस्तो जनसंख्याले उल्लेख्य योगदान गर्न सक्दैन। यसै पनि अर्थतन्त्रका निम्ति जनशक्ति उत्पादनका साधनमध्ये प्रमुख मानिन्छ। उत्पादनका निम्ति अन्य स्रोतसाधन हुँदाहुँदै पनि जनशक्ति भएन भने अगाडि बढ्न कठिन हुन्छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'नेपालको नेसनल ट्रान्सफर एकाउन्ट'सम्बन्धी प्रतिवेदनले मुलुकको अर्थतन्त्रमा श्रम आम्दानीभन्दा उपभोग अत्यधिक बढी रहेको देखाएको छ। युवा बेरोजगारी दर १२.७ प्रतिशत कायम रहँदा श्रमशक्तिमा सहभागिता दर ३८.५ प्रतिशतमा सीमित रहेको तथ्यांकले देखाएको छ। श्रम गरेर हुने आम्दानीभन्दा बढी उपभोग निकै माथि हुनु पनि अर्थतन्त्रको सकारात्मक पक्ष होइन। नेपाली श्रम बजार र आर्थिक सन्तुलन नसोचेको अवस्थामा रहेको पनि यसले देखाएको छ। आय र उपभोगबिच ठुलो असन्तुलन नै 'जीवनचक्रीय अभाव' हो। अर्थतन्त्रमा यस्तो प्रवृत्तिमा सुधारको नितान्त आवश्यकता छ।

यसै पनि हाम्रो समाजमा काम गर्ने थोरै र बसीखाने संख्या धेरै देखिन्छ। काम गर्न योग्य (१५-६४ वर्ष) व्यक्ति कुल जनसंख्याको ६५ प्रतिशत रहेको छ। यो जनसंख्या हिस्सामध्ये सबैले काम गर्दैनन्। सबैले काम गरेका भए अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने थियो। यसबाट हाम्रो मुलुकले 'जनसांख्यिक लाभांश' वा आर्थिक लाभ लिन सक्ने सुनौलो अवसर विद्यमान भए पनि यथार्थमा त्यो प्राप्त हुन सकेको छैन। अवसरलाई आर्थिक उपार्जनमा प्रयोग गर्न सक्दा मात्र देशले उपलब्धि हासिल गर्छ। प्रायः हामी देश 'जनसांख्यिक लाभांश' लिनुपर्ने अवस्थाबारे गरिएको चर्चा र छलफल सुनिरहेका हुन्छौं। तर, त्यो लाभांश लिन नसक्ने अवस्था केले सिर्जना गरिरहेको छ भनी थाहा पाउने अवस्थामा भने छैनौं। मुलुकमा नीति निर्माणको तहमा रहेका व्यक्ति वा निकायले यसमा ध्यान दिनुपर्छ। श्रमशक्तिमा न्यून सहभागिता र उच्च बेरोजगारीले 'जनसांख्यिक लाभांश'को अवसरलाई चुनौतीमा परिणत गर्ने जोखिम देखिन्छ।

> रोजगारीका आधारमा मात्र होइन, बचत गर्ने दृष्टिबाट पनि हामीले आर्थिक नियमको पालना गरेको देखिएन। हाम्रो मुलुकका मानिसले आफ्नो जीवनकालको २० वर्ष मात्र वास्तविक अर्थमा बचत गर्छन्। तर, त्यसरी गरेको आम्दानीभन्दा बढी उपभोग हुने गरेको छ।

रोजगारीका आधारमा मात्र होइन, बचत गर्ने दृष्टिबाट पनि हामीले आर्थिक नियमको पालना गरेको देखिएन। हाम्रो मुलुकका मानिसले आफ्नो जीवनकालको २० वर्ष मात्र वास्तविक अर्थमा बचत गर्छन्। तर, त्यसरी गरेको आम्दानीभन्दा बढी उपभोग हुने गरेको छ। व्यक्तिको जीवनचक्रमा बचत २७ देखि ४६ वर्ष उमेरमा मात्र बढी देखिएको छ। बालबालिका र २६ वर्षसम्मका युवा तथा ४७ वर्षमाथि उमेरका व्यक्तिमा श्रम आम्दानीभन्दा उपभोग बढी रहेको छ। वृद्ध उमेरका व्यक्तिमा 'जीवनचक्र अभाव' बढी देखिनु आफैंमा चिन्ताको विषय हो। यसले हाम्रो समाजमा वृद्ध उमेर थप संकटग्रस्त रहेको संकेत गर्छ। जीवनमा पर्याप्त काम गर्ने र वृद्ध उमेर वा काम नगर्ने समयमा सामाजिक सुरक्षा कार्यक्रमले मद्दत गर्नुपर्ने हुन सक्छ। सामाजिक सुरक्षा कार्यक्रममा बढ्ता दबाब परिरह्यो भने त्यो चल्न पनि मुस्किल हुन्छ। यसकारण पनि काम गर्ने समय बढ्नुका साथै उपभोग आम्दानीभन्दा कम हुने गरी व्यवस्था गर्नुपर्ने देखिन्छ। काम गर्ने उमेरका १२.७ प्रतिशत युवा बेरोजगार हुनु राज्यका निम्ति ठुलो चुनौती हो।

अहिले जुन हिसाबमा युवा जनसंख्या रहेको छ, त्यो अवस्था लामो समयसम्म नरहन सक्छ। २१०४ साल अर्थात् आजभन्दा २२ वर्षपछि अहिलेको जस्तो जनसंख्या स्थिति रहने छैन। त्यो बेला हाम्रो श्रमशक्तिमा सहभागिता तीव्र रूपमा घट्ने प्रक्षेपण भइसकेको छ। एकातिर व्यक्तिको आयु लम्बिने र अर्कातिर जनसंख्या वृद्धि घट्न जाने अवस्था हुँदा काम गर्न सक्ने व्यक्ति स्वतः कम हुन पुग्छन्। यस्तो बेलामा स्वास्थ्य खर्च व्यवस्थापन र वृद्धावस्थाको व्यवस्थापनका निम्ति राज्यका निकायले बढ्ता ध्यान दिनुपर्ने अवस्था आउँछ। यसकारण पनि भोलिको अवस्थालाई ध्यानमा राखेर नीति निर्माण गर्नुपर्ने हुन्छ। अहिलेको जनसंख्यालाई अधिकतम आर्थिक उपार्जनतर्फ लगाउने, बेरोजगारी घटाउने र उपभोग गरेर पनि बचत हुन सक्ने अवस्थामा पुऱ्याउने लक्ष्य अर्थतन्त्रको हुनु आवश्यक छ।



डा. रामकृष्ण तिमल्सेना

## तरल आधुनिकता र अनित्य संसार



**आधुनिक चिन्तकहरूले औंल्याएका समस्याहरू नयाँ होइनन्। नयाँ त भाषा र सन्दर्भ मात्र हुन्। महाभारत र उपनिषद् आधुनिकताको विरोधी नभएर वैकल्पिक आधुनिकताका मूल स्रोत हुन्।**

आधुनिक सभ्यताको सबैभन्दा गहिरो अनुभव अस्थिरता हो। रोजगारी, सम्बन्ध, पहिचान, राज्य, विचार र नैतिकता सबै तरल छन्। प्रसिद्ध लेखक जिग्मुन्ट बाउमनले यस अवस्थालाई तरल आधुनिकताको नाम दिएका छन्, जहाँ कुनै पनि संरचना दीर्घकालीन रूपमा स्थिर रहँदैन र व्यक्ति निरन्तर अनिश्चितताको अवस्थामा बाँच्छ (बाउमन २०००)। यो अनुभव आधुनिक मात्र होइन, महाभारत र उपनिषद्ले पनि यस्तै अवस्थालाई 'अनित्य संसार'का रूपमा हजारौं वर्षअघि नै दार्शनिक व्याख्या गरिसकेका छन्।

बाउमनका अनुसार आधुनिक समाजमा संस्थागत स्थायित्व विघटन भएको छ। राज्य, परिवार र समुदायजस्ता संरचनाले व्यक्तिलाई दीर्घकालीन सुरक्षा दिन सकेका छैनन्। मानिस स्वतन्त्र देखिन्छ तर त्यही स्वतन्त्रताले उसलाई असुरक्षित बनाएको छ (बाउमन २०११)। यही द्वन्द्व महाभारतको मूल चेतना हो। महाभारतका अनुसार राज्य स्थायी छैन, शक्ति क्षणिक छ र सम्बन्ध समयसँगै रूपान्तरित हुन्छन्। भीष्मजस्ता आजीवन ब्रह्मचारी र धर्मनिष्ठ पात्र पनि समय र परिस्थितिको बन्धनबाट मुक्त रहन सकेनन्। यस अर्थमा बाउमनको तरल आधुनिकता महाभारतको राजनीतिक र नैतिक यथार्थसँग संरचनागत रूपमा समान छ।

जिग्मुन्ट बाउमन एक प्रसिद्ध पोलिस-ब्रिटिस समाजशास्त्री र दार्शनिक हुन्। उनले तरल आधुनिकता सिद्धान्त प्रतिपादन गरेका छन्। यसमा उनले आधुनिक समाज कसरी अस्थिर, लचिलो र निरन्तर परिवर्तनशील छ भनेर वर्णन गरेका छन्। जहाँ सम्बन्ध, पहिचान र संस्थाहरू ठोसभन्दा तरल छन्, सधैं बगिरहेका र परिवर्तनशील रहेको बताएका छन्। यसले सुरक्षा र स्थिरताको भावनालाई कमजोर बनाउँछ भनेर तरल आधुनिकताको व्याख्या गरेका छन्।

**तरल आधुनिकता** : यो जिग्मुन्टको सबैभन्दा प्रसिद्ध विचार हो। यस विचारले आजको समाज, पहिलेको समयका ठोस, स्थिर समाजहरूभन्दा फरक र निरन्तर परिवर्तन भइरहेको छ भनेको छ। तरल आधुनिकतामा जसरी पानी तरल र निरन्तर परिवर्तनशील छ, त्यसैगरी आजको समाजमा केही पनि स्थायी छैन भनेर व्याख्या गरेका छन्।

**तरल प्रेम** : सम्बन्धहरूमा पनि यस्तै अस्थिरता छ। यस्तो सम्बन्धमा प्रतिबद्धता कम र परिवर्तन बढी छ।

**तरल भय** : आधुनिक जीवनमा अनिश्चितता र असुरक्षाको भावना बढ्दै गएको छ।

**तरल जीवन** : जीवनका सबै पक्षमा पहिचान, समुदाय र काममा पनि यही अस्थिरता देखिन्छ। बाउमनले यो सिद्धान्तमार्फत कसरी विश्वव्यापीकरण र उपभोक्तावादले हाम्रो जीवनलाई अनिश्चित र क्षणिक बनाएको छ भन्ने बुझाएका छन्। तरल आधुनिकताले हामीलाई कहिल्यै स्थिर महसुस हुन दिँदैन। निरन्तर परिवर्तन भइरहने अवस्थालाई उनले 'तरल' भनेका छन्।

उपनिषद्ले संसारलाई अनित्य र असार भन्छ। 'यद् अनित्यम् तद् दुःखम्' अनित्य संसारमा दुःख हुन्छ भन्ने भनाइले स्थायित्वप्रतिको आशक्तिलाई दुःखको मूल कारण ठहर गरेको छ। अहिलेका मानिसले पनि यही गल्ती दोहोऱ्याइरहेको देखिन्छ। मानिसले अस्थिर संसारमा स्थायित्व खोज्छ र नपाउँदा मानसिक थकान र चिन्तामा फस्छ। बाउमनले समाजशास्त्रीय भाषामा जे कुरा अस्थिरताको रूपमा वर्णन गरेका छन्, त्यही कुरा उपनिषद्ले आध्यात्मिक चेतनाको स्तरमा व्याख्या गरेको देखिन्छ। यहाँ समस्या अस्थिरता होइन, समस्या स्थिरताको भ्रम हो (टेलर, १९८९)।

महाभारतको दृष्टिमा धर्म पनि स्थायी नियम होइन। धर्म परिस्थिति, समय र उत्तरदायित्वसँग परिवर्तन हुन्छ। यसै कारण कृष्ण अर्जुनलाई निश्चित नियम होइन, विवेकको मार्ग सिकाउँछन्। आधुनिक चिन्तनमा जिजेकले देखाएको विचारधाराको आलोचना पनि यहीं पुग्छ। मानिसले नियम, व्यवस्था र नैतिकता स्वतः सत्य ठान्छ तर ती संरचनाले अन्याय लुकाउन सक्छन् (जिजेक, २००८)। कौरव-सभामा द्रौपदीमाथि भएको अन्याय वैधानिक देखिए पनि नैतिक थिएन। आधुनिक कानुनी राज्यमा पनि यही अवस्था दोहोरिएको देखिन्छ, जहाँ वैधता र न्यायबिचको दुरी बढ्दै गएको छ।

बाउमनको तरल समाजमा सम्बन्धहरू पनि अस्थायी हुन्छन्। मानिस दीर्घकालीन प्रतिबद्धताबाट त्रसित हुन्छ किनभने उसले भविष्यमा विकल्प खुला राख्न चाहन्छ। महाभारतमा सम्बन्धहरू स्थायी देखिए पनि अन्ततः धर्म र कर्तव्यले तिनलाई पुनर्परिभाषित गरेको देखिन्छ। कर्णको जीवन यसको उदाहरण हो। जन्म, मित्रता र निष्ठा स्थिर देखिए पनि अन्ततः सत्य र विवेकसँग ठोक्किँदा ती सबै प्रश्नको घेरामा पर्छन्। यसले तरलता आधुनिकताको विकृति नभएर जीवनको मौलिक यथार्थ हो। यसलाई वैदिक दर्शनले पनि स्वीकार गर्दै त्यसैसँग जीवन जिउने कला सिकाएको छ।

> बाह्य संसार परिवर्तनशील भए पनि चेतनाको केन्द्र स्थिर रहन्छ भन्ने धारणा आधुनिक चिन्तनमा दुर्लभ छ। चार्ल्स टेलरले आधुनिक पहिचान संकटको मूल कारण नै नैतिक क्षितिजको अभाव भनेका छन्। उपनिषद्ले पनि यही क्षितिज देखाएको छ।

उपनिषद्को आत्मदर्शनले तरल संसारमा आत्मालाई स्थायी केन्द्रका रूपमा प्रस्तुत गरेको छ। बाह्य संसार परिवर्तनशील भए पनि चेतनाको केन्द्र स्थिर रहन्छ भन्ने धारणा आधुनिक चिन्तनमा दुर्लभ छ। चार्ल्स टेलरले आधुनिक पहिचान संकटको मूल कारण नै 'नैतिक क्षितिजको अभाव' भनेका छन् (टेलर १९८९)। उपनिषद्ले यही क्षितिज देखाएको छ। आत्मबोधले व्यक्ति अस्थिर संसारमा पनि आन्तरिक सन्तुलन कायम राख्न सक्छ।

यसरी हेर्दा आधुनिक चिन्तकहरूले औंल्याएका समस्याहरू नयाँ होइनन्। नयाँ त भाषा र सन्दर्भ मात्र हुन्। महाभारत र उपनिषद् आधुनिकताको विरोधी नभएर वैकल्पिक आधुनिकताका मूल स्रोत हुन्। जहाँ आधुनिकताले बाह्य संरचनामा समाधान खोज्छ, त्यहाँ वैदिक दर्शनले आन्तरिक चेतनामा खोज्छ। यी दुवै दृष्टिकोणको संवादबाट मात्र समग्र आधुनिकता सम्भव हुन्छ।

**ढौंगीसमाज, मानसिक थकान र गीता–उपनिषद्को कर्मबोध**

**थकित समाजको पुनर्व्याख्या** : आधुनिक सभ्यताले बाह्य दमनभन्दा आन्तरिक दबाबलाई प्रमुख मानेको छ। ब्युंग-चुल हानले यस अवस्थालाई ढौंगी समाज र थकित समाज (बर्नआउट सोसाइटी) को रूपमा विश्लेषण गरेका छन्। यस्तो समाजमा व्यक्ति स्वयं आफ्नो शोषक बन्छ (हान, २०१५)। आजको मानिसलाई कसैले जबरजस्ती काम गराउँदैन; ऊ स्वयं बढी काम गर्न, बढी देखिन, बढी उपलब्धि हासिल गर्न बाध्य भएको महसुस गर्छ। यही निरन्तर आत्म-दबाब आधुनिक मानसिक थकान, चिन्ता र अवशादको मूल कारण हो।

हानका अनुसार आधुनिक शक्ति नकारात्मक होइन सकारात्मक छ। 'तिमी सक्छौ' भन्ने सन्देश प्रेरणा जस्तो देखिए पनि अन्ततः मानिसलाई कहिल्यै सन्तुष्ट हुन नदिने चक्रमा फसाउँछ (हान, २०१७)। यो अवस्था भगवद्गीतामा वर्णित राजस र तामस कर्मसँग गहिरो रूपमा मेल खान्छ। गीताका अनुसार कर्म आफैं बन्धन होइन, कर्मप्रतिको आशक्ति र अहंकार नै बन्धन हो। आधुनिक मानिस कर्ममा होइन, फल र पहिचानमा जकडिएको छ।

महाभारतमा अर्जुनको दिक्दारी (विषाद) आधुनिक थकानको प्रतीक जस्तै देखिन्छ। युद्ध गर्नु उसको कर्तव्य हो तर चेतनाको थकानले उसलाई अकर्मण्य बनाउँछ। कृष्णले अर्जुनलाई काम बढाउन होइन, कर्मबोध परिवर्तन गर्न सिकाउँछन्। 'निष्काम कर्म' आधुनिक ढौंगी समाजको प्रतिपक्ष हो। हान जहाँ विश्लेषण गर्न रोकिन्छन्, त्यहीं गीताले समाधान दिन्छ।

उपनिषद्ले मानिसको थकानलाई शारीरिक वा मानसिक मात्र मान्दैन। यो अविद्याको परिणाम हो। व्यक्तिले आफूलाई शरीर, उपलब्धि र सामाजिक छविसँग मात्र चिन्न थालेपछि ऊ निरन्तर असन्तुष्ट रहन्छ। 'नायमात्मा बलहीनेन लभ्यः' भन्ने उपनिषदीय वाक्यले आत्मा शक्ति होइन, सन्तुलनबाट प्राप्त हुन्छ भन्ने स्पष्ट गर्छ। आधुनिक थकान शक्ति अभाव होइन, आत्मबोध अभाव हो। समष्टिमा आत्मज्ञान (आत्माको ज्ञान) शारीरिक रूपमा कमजोर, लापरवाह वा बाह्य तपस्या गर्नेहरूले होइन बुद्धिमान, बलवान (आध्यात्मिक रूपमा), एकाग्र र इमानदार प्रयास गर्ने विद्वान्हरूले प्राप्त गर्छन्।

चार्ल्स टेलरले आधुनिक समाजमा 'अर्थको क्षय' भएको उल्लेख गर्छन् (टेलर, १९८९)। मानिस धेरै गर्छ तर किन गर्छ भन्ने बोध हराउँछ। गीता यही प्रश्नबाट सुरु हुन्छ- कर्तव्य के हो र किन हो? हानको थकित समाज अर्थहीन कर्मको परिणाम हो तर गीता अर्थयुक्त कर्मको दर्शन हो।

नेपालजस्तो समाजमा यो द्वन्द्व अझ स्पष्ट छ। वैदेशिक रोजगारी, प्रतिस्पर्धी शिक्षा र डिजिटल प्रदर्शन संस्कृतिले युवालाई निरन्तर सक्षम भएको प्रमाणित गर्न बाध्य बनाएको छ। कर्म धेरै छ तर सन्तोष कम। गीतादेखि उपनिषद्को कर्मबोधसम्मले यहाँ वैकल्पिक आधुनिकताको मार्ग देखाउँछन्- जहाँ काम जीवनको मूल्य हो, जीवन कामको उपकरण होइन।

चुल हानले आधुनिक थकानको संरचनागत यथार्थ देखाएका छन्। गीता र उपनिषद्ले त्यसको चेतनात्मक उपचार प्रस्ताव गर्छन्। ढौंगी समाजले व्यक्तिलाई थकाउँछ, निष्काम कर्मले व्यक्तिलाई मुक्त गर्छ। यही अन्तरले आधुनिकता र वैदिक दर्शनबिचको गहिरो संवाद सम्भव बनाउँछ।

*-तिमल्सेना सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार हुन्।*

## नेपाल रिपब्लिक मिडिया लिमिटेड

# राष्ट्रिय पत्रकारितादेखि अन्तर्राष्ट्रिय विश्वाससम्मको सशक्त यात्रा

**पत्रकारिता एउटा भूगोलमा मात्र सीमित हुनुहुँदैन भन्ने धारणामा नेपाल रिपब्लिक मिडिया स्पष्ट छ। त्यसैले यस संस्थाको दृष्टि केवल देशभित्र सीमित छैन। यो संस्था राष्ट्रिय मिडियाबाट अन्तर्राष्ट्रिय विश्वसनीयतासम्म अगाडि बढिसकेको छ।**



शोभा ज्ञवाली




लोकतन्त्र केवल राजनीतिक प्रणाली होइन, यो चेतनाको अभ्याससाथै आधारस्तम्भ हो। स्वतन्त्र, जिम्मेवार र विश्वसनीय सञ्चार माध्यम नेपाल रिपब्लिक मिडिया लिमिटेड यही मूल्य, साहस र उत्तरदायित्वसाथ नेपाली सञ्चार क्षेत्रमा स्थापित एक ऐतिहासिक संस्था हो, जसले राष्ट्रिय सीमाभन्दा बाहिर पनि नेपालको आवाजलाई विश्वसनीय रूपमा प्रतिनिधित्व गर्दै आएको छ।

**इतिहास**

निजी सोच र सार्वजनिक प्रतिबद्धतासाथ सन् २००८ मा निजी पहलका रूपमा सुरु भएको नेपाल रिपब्लिक मिडिया सन् २००९ देखि औपचारिक रूपमा सञ्चालनमा आयो। स्थापनाकालदेखि नै यसको मूल दर्शन स्पष्ट थियो- पत्रकारिता व्यवसाय मात्र होइन, सार्वजनिक उत्तरदायित्व हो। यस सोचलाई संस्थागत रूप दिँदै सन् २०२१ मा नेपाल रिपब्लिक मिडिया लिमिटेड सार्वजनिक लिमिटेड कम्पनीमा रूपान्तरण भयो। यससँगै यो नेपालकै पहिलो र हालसम्मकै एक मात्र सार्वजनिक रूपमा सूचीकृत मिडिया कम्पनी बन्न सफल भयो।

आज सार्वजनिक लिमिटेड कम्पनीका रूपमा पाँच वर्ष पूरा गरी पाँचौं वार्षिक साधारण सभा सम्पन्न हुँदै गर्दा नेपाल रिपब्लिक मिडियाले पारदर्शिता, उत्तरदायित्व र जनसहभागितालाई अझ सुदृढ बनाएको छ।

**मिसन**

सधैं सत्यको साथ रही असत्यसँग सम्झौता नगर्ने पत्रकारिता मिसनमा नेपाल रिपब्लिक मिडिया स्पष्ट र अडिग छ। समृद्ध चेतना, पारदर्शी राष्ट्र र सूचनाको हकमा अडिग नेपाल रिपब्लिक मिडियाको स्पष्ट मिसन छ- तथ्यमा आधारित, निष्पक्ष र निर्भीक पत्रकारिता, नागरिकलाई सूचना मात्र होइन, चेतना र विवेक प्रदानमा योगदान, लोकतन्त्र, सुशासन र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण तथा शक्ति र सत्तालाई प्रश्न गर्ने साहस।

यही मिसनसाथ अग्रयात्रामा निरन्तर लागिरहेको नेपाल रिपब्लिक मिडिया कहिल्यै सत्ता केन्द्रित भएन, बरु सधैं नागरिक केन्द्रित पत्रकारिताको पक्षमा उभियो।

**भिजन**

पत्रकारिता एउटा भूगोलमा मात्र सीमित हुनुहुँदैन भन्ने धारणामा नेपाल रिपब्लिक मिडिया स्पष्ट छ। त्यसैले यस संस्थाको दृष्टि केवल देशभित्र सीमित छैन। यो संस्था राष्ट्रिय मिडियाबाट अन्तर्राष्ट्रिय विश्वसनीयतासम्म अगाडि बढिसकेको छ। यसको दीर्घकालीन भिजन हो- नेपालको सबैभन्दा विश्वसनीय मिडिया संस्थानका रूपमा स्थापित हुँदै अन्तर्राष्ट्रिय कूटनीतिक, नीतिगत र बौद्धिक वृत्तमा नेपालको आवाज पुऱ्याउने। अन्तर्राष्ट्रिय सञ्चार माध्यमसँग सहकार्य गर्दै दौडिने एक मात्र नेपाली सञ्चार संस्था बनेको छ नेपाल रिपब्लिक मिडिया। यसै उद्देश्यस्वरूप नेपाल रिपब्लिक मिडिया अन्तर्राष्ट्रिय सञ्चार अभ्याससँग पनि जोडिएको छ।

**द न्युयोर्क टाइम्ससँगको सम्बद्धता**

अन्तर्राष्ट्रिय विश्वसनीयताको प्रमाणस्वरूप नेपाल रिपब्लिक मिडिया द न्युयोर्क टाइम्सका साथै अरू अन्तर्राष्ट्रिय सञ्चारसँग सहसम्बन्ध स्थापित गर्दै राष्ट्रिय दैनिक प्रकाशन गर्ने संस्थानका रूपमा परिचित छ। यस सम्बद्धताले अन्तर ाष्ट्रिय पत्रकारिता मापदण्डको अभ्यास, विश्वसनीयता र सम्पादकीय अनुशासन एवं कूटनीतिक तथा अन्तर्राष्ट्रिय पाठकबिच विश्वास स्थापित गरेको छ। यसले नेपाली मिडियालाई विश्वस्तरीय पत्रकारितासँग जोड्ने सेतुको भूमिका खेलेको छ।

**रिपब्लिका**

कूटनीतिक र अन्तर्राष्ट्रिय समुदायको आवाज नेपाल रिपब्लिक मिडियाअन्तर्गत प्रकाशित रिपब्लिका (अंग्रेजी राष्ट्रिय दैनिक) नेपालमा रहेका कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार, विदेशी लगानीकर्ता तथा अन्तर्राष्ट्रिय नीति निर्माताामाझ सबैभन्दा विश्वसनीय अंग्रेजी समाचार स्रोतका रूपमा स्थापित छ। रिपब्लिका केवल समाचारपत्र होइन, यो नेपाललाई विश्वसँग जोड्ने बौद्धिक कूटनीतिक मञ्च हो।

**प्रकाशन र मिडिया प्लेटफर्महरू**

नेपाल रिपब्लिक मिडिया लिमिटेडअन्तर्गत नागरिक दैनिक, रिपब्लिका र शुक्रबार छापा पत्रकारिताअन्तर्गत प्रकाशित सञ्चारमाध्यम हुन्। नागरिक दैनिक तथ्यमा आधारित, निष्पक्ष र निर्भीक राष्ट्रिय दैनिक हो। रिपब्लिका अन्तर्राष्ट्रिय कूटनीतिक वृत्तमा स्थापित अंग्रेजी दैनिक हो भने शुक्रबार विचार र समाज केन्द्रित साप्ताहिक हो।

'नागरिकन्युजडटकम' र 'माइरिपब्लिकाडटकम' डिजिटल युगका सशक्त प्लेटफर्म हुन्। 'नागरिकन्युजडटकम' नेपाली भाषामा प्रकाशित डिजिटल सञ्चार माध्यम हो भने 'माइरिपब्लिकाडटकम' अंग्रेजी भाषामा प्रकाशित डिजिटल सशक्त सञ्चार माध्यम हो। 'रेडियो नागरिक' आवाज सञ्चारको सशक्त माध्यम हो। यी सबै सञ्चार माध्यमले राजनीति, अर्थतन्त्र, महिला, युवा, उद्यमशीलता, समाज र राष्ट्रिय हितका विषयलाई निरन्तर उठाउँदै आएका छन्।

**संस्थापक र मूल्यगत पृष्ठभूमि**

नेपाल रिपब्लिक मिडियाका संस्थापक विनोदराज ज्ञवाली सञ्चार क्षेत्रमा करिब तीन दशकको अनुभवी, दूरदर्शी र मूल्यनिष्ठ मूल्य भएका व्यक्तित्व हुन्। उनको पारिवारिक पृष्ठभूमि उद्यमशीलता, संस्थागत विकास र सार्वजनिक उत्तरदायित्वसँग जोडिएको छ। यसै संस्कारले ज्ञवालीलाई स्वतन्त्र र सत्य पत्रकारिताको मञ्च स्थापना गर्न प्रेरित गऱ्यो।

**निष्कर्ष**

पाँच वर्षको सार्वजनिक यात्रा, दीर्घकालीन संकल्प आज पाँचौं वार्षिक साधारण सभासम्म आइपुग्दा नेपाल रिपब्लिक मिडिया लिमिटेडले प्रमाणित गरेको छ- मिडिया सधैं पारदर्शी हुनुपर्छ, पत्रकारिता सार्वजनिक उत्तरदायित्व वहन गर्न सक्षम हुनुपर्छ, राष्ट्रिय मिडिया पनि अन्तर्राष्ट्रिय रूपमा विश्वसनीय हुन सक्छ।

नेपाल रिपब्लिक मिडिया केवल समाचार संस्था होइन, यो लोकतन्त्रको चेतना, राष्ट्रको आवाज र विश्वसँग नेपालको संवाद हो।

# शिक्षण पेसासँगै कृषिमा रमाउँदै सर्वेन्द्र



देवदह, पुस २९ (रासस)- सर्वेन्द्र यादवले शिक्षण पेसासँगै कृषिमा संलग्न हुँदै आएका छन्। उनी बिहान-साँझपख खेतबारीमा पसिना बगाउँदै कृषिमा समेत रमाउँदै आएका छन्।

रुपन्देहीको मर्चवारीमाई गाउँपालिका- ७ स्थित श्री बगौली माध्यमिक विद्यालयमा अध्यापन गर्ने यादव शिक्षण पेसासँगै कृषि कर्मलाई आत्मसात गर्दै 'आत्मनिर्भर जीवन' को उदाहरण बनेका छन्। कार्यालय समयमा विद्यालय पुग्ने, कक्षाकोठामा ज्ञान बाँड्ने र फुर्सदको समय खेतबारीमा बिताउने उनको दैनिकीले 'समय अभाव' भन्ने बहानालाई पनि चुनौती दिएको छ। सार्वजनिक बिदाका दिन तथा बिहान-साँझ समयको सदुपयोग गर्दै कृषिबाट राम्रो आम्दानी गरिरहेको उनले जानकारी दिए।

रुपन्देहीको कोटहीमाई गाउँपालिका- ६ बोगडी बस्ने यादव युवा उमेरमै जिम्मेवार शिक्षक मात्र होइन, नयाँ सोच भएका मेहनती कृषकका रूपमा समेत चिनिन थालेका छन्। विद्यालयबाहेकको समयलाई उनले उत्पादनशील बनाउँदै आधुनिक र व्यावसायिक ढंगबाट कृषि पेसा अगाडि बढाएका छन्।

यादवको कृषि यात्राले स्वदेशमा सम्भावना छैन भन्दै वैदेशिक रोजगारीमा गएका धेरै युवालाई नयाँ बाटो देखाएको छ। उनी भन्छन्, 'विदेश गएर अर्काको भूमिमा काम गर्नुभन्दा आफ्नै देशकै माटोमा पसिना बगाएर उत्पादनमा लाग्नु नै उपयुक्त लाग्छ। आफ्नै खेतमा फलफूल र तरकारी उत्पादन गरी स्वदेशमै मात्र होइन, विदेशसम्म पठाउन सकिन्छ। लाखौं रकम खर्चेर बिदेसिनुभन्दा त्यो रकम नेपालमै लगानी गरी कृषि पेसामा लागेर आइने परिवारसँगै बस्न पाइन्छ र आम्दानी पनि राम्रो हुन्छ।' उनले कृषि पेसामा प्रशस्तै सम्भावना रहेको बताए। कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा भने सरकारले ध्यान दिनुपर्ने उनको भनाइ छ।

कृषि कार्यलाई सहज बनाउन उनले प्रयोग गरेको मिनी (हाते) ट्र्याक्टर उनका लागि प्रविधि र श्रमको मिलन बनेको छ। केराखेती गोडमेल गर्न करिब १० हजार ज्याला खर्चिनुपर्नेमा मिनी ट्र्याक्टर प्रयोग गर्दा तीन सय रुपैयाँबराबरको इन्धन खर्चमै काम सकिएको उनी बताउँछन्। यसले समय र पैसाको दुवै बचत गरिदिएको यादवको भनाइ छ।

हाल यादवले करिब पाँच कट्ठामा काउली, आठ कट्ठामा टमाटर र करिब दुई बिघा क्षेत्रफलमा केरा खेती गरेका छन्। धनियाँ, साग, खुर्सानीजस्ता तरकारी पनि नियमित रूपमा उत्पादन भइरहेको उनले जानकारी दिए। कृषिबाट वार्षिक दुई लाख ५० हजार बढी आम्दानी हुने गरेको उनले बताए। सरकारले कृषि क्षेत्रलाई विद्युतीकरण गर्न सके 'अन्नभण्डार' का रूपमा चिनिने मर्चबार क्षेत्रमा उत्पादन हुने सागपात नेपालभर मात्र नभई विदेशसम्म पनि निर्यात गर्न सकिने उनको विश्वास छ।

यद्यपि उनको कृषि यात्रामा चुनौती पनि उत्तिकै छन्। जंगली जनावरको आक्रमणले कृषकहरू मारमा पर्ने गरेको उनी बताउँछन्। यादव भन्छन्, 'समयमै बिउ र मल नपाउने, सिँचाइका लागि विद्युतीय पहुँच नहुनु र सरकारले अपेक्षित सहयोग दिन नसक्नु एउटा पीडा हो। लगाइएको तरकारीलाई नीलगाई, बँदेल, छाडा चौपाया तथा अन्य जंगली जनावरबाट जोगाउनु अर्को चुनौती छ।'

जनावरबाट बाली जोगाउन उनले 'इलेक्ट्रिक फेन्सिङ' प्रयोग गरेका छन्, जसले केही हदसम्म राहत दिएको उनी बताउँछन्। साथै सामूहिक रूपमा खेतीपाती गर्दै नियमित हेरचाह र निगरानी गर्दा पनि जनावरबाटबालीजोगाउनसहयोगपुगेको उनी बताउँछन्।

कलम र कोदालो दुवै सम्हाल्दै अघि बढिरहेका शिक्षक सर्वेन्द्र यादवले शिक्षण पेसासँगै कृषि कर्मलाई सम्मानजनक र सम्भावनायुक्त पेसाका रूपमा परिभाषित गरेका छन्। उनको जीवन यात्रा आजका युवाका लागि स्पष्ट सन्देश हो, 'सम्भावना विदेशमा मात्रै होइन, आफ्नै माटोमा पनि प्रशस्त छ।'


## कर्जाको साँवा, ब्याज रकम चुक्ता गर्ने सम्बन्धी ३५(पैंतीस) दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०९/३०)

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त मनोकामना हायर पर्चेज प्रा.लि.बाट लिएको हायर पर्चेज कर्जा अन्तर्गतको साँवा, ब्याज नियमित रुपमा नतिरेको हुँदा उक्त कर्जा असुलीको लागि मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा पनि कर्जा चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सरोकारवालाले यस कार्यालयमा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र पनि यस कार्यालयमा उपस्थित भई कर्जा चुक्ता नगरेको खण्डमा उल्लेखित ऋणी (फर्मको हकमा साझेदारहरु समेत) र व्यक्तिगत जमानी दिने व्यक्तिलाई प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गरी ऋण रकम असुल उपर गरिने व्यहोरा अवगत गराउँदछौं। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिइनेछ। तपाई ऋणीबाट सम्पूर्ण रकम असुल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसिदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | ऋणीको विवरण | सुरक्षण वापतको धितोको विवरण | जमानीकर्ता |
|---|---|---|---|
| ०१. | **धकुमसेर राई**<br>बाबुः मिल बहादुर राई<br>बाजेः पञ्चाबी राई<br>ना.प्र.नं.: ४०६८/६८<br>जारी मितिः २०५८/१०/०८<br>ठेगानाः लाक्याङ-०८, खोटाङ | गाडी नं.: प्र.२-०१-००१ त १५६२<br>चेसिस नं.: 1PY5310ELGA013235<br>इन्जिन नं.: PY3029D404227<br>Segment - John Deere Tractor | **सीताराम राई**<br>बाबुः जग बहादुर राई<br>बाजेः कृतिमान राई<br>ना.प्र.नं.: १२१०३६/२७७<br>जारी मितिः २०६५/०७/२१<br>ठेगानाः चिउरीडाँडा-०१, खोटाङ |
| ०२. | **सहपाठी कन्स्ट्रक्सन प्रा. लि.**<br>दर्ता नं.: २५०१९२/०७७/०७८<br>प्रोप्राइटरः देश बहादुर बि.क.<br>बाबुः तीर्थ बहादुर बि.क.<br>बाजेः कालुमान बि.क.<br>ना.प्र.नं.: २५१५<br>जारी मितिः २०६२/०८/१२<br>ठेगानाः ऐँसेलुखर्का-०४, खोटाङ | गाडी नं.: प्र.२-०१-००१ त १८५१<br>चेसिस नं.: 1PY5310EVMA054859<br>इन्जिन नं.: PY3029D612264<br>Segment - John Deere Tractor | **देश बहादुर बि.क.**<br>बाबुः तीर्थ बहादुर बि.क.<br>बाजेः कालुमान बि.क.<br>ना.प्र.नं.: २५१५<br>जारी मितिः २०६२/०८/१२<br>ठेगानाः ऐँसेलुखर्का-०४, खोटाङ |
| ०३. | **मो. असिम**<br>बाबुः मो. ताहिर<br>बजैः रोकाया खातुन<br>ना.प्र.नं.: १६-०१-७२-०४४८३<br>जारी मितिः २०७२/०८/१८<br>ठेगानाः बकधुवा-०५, सप्तरी | गाडी नं.: प्र.२-०१-००१ त २०६८<br>चेसिस नं.: 1VY5036DEMA013229<br>इन्जिन नं.: PY3029D631416<br>Segment - John Deere Tractor | **मो. हारुण मियां**<br>बाबुः मो. कासिम मियां<br>बाजेः मो. नाथु<br>ना.प्र.नं.: ६२७६<br>जारी मितिः २०५५/०७/०१<br>ठेगानाः बकधुवा-०५, सप्तरी |
| ०४. | **नामः भलाडियो इन्टिप मगर**<br>बाबुः खिल बहादुर क्यापछाकी मगर<br>बाजेः समर बहादुर मगर<br>ना.प्र.नं.: १४१००२/१८२<br>जारी मितिः २०७०/०४/१५<br>ठेगानाः ठोक्सीला-०८, उदयपुर | गाडी नं.: प्र.२-०१-००१ त २०३६<br>चेसिस नं.: 1VY5050DHMA040367<br>इन्जिन नं.: PY3029D627759<br>Segment - John Deere Tractor | **विवस मगर**<br>बाबुः खिल बहादुर क्यापछाकी मगर<br>बाजेः समर बहादुर मगर<br>ना.प्र.नं.: १४१००२/११३०७९<br>जारी मितिः २०६८/०४/१८<br>ठेगानाः ठोक्सीला-०८, उदयपुर |
| ०५. | **बाला जित राई**<br>बाबुः वखन सिं राई<br>बाजेः रत्नमान राई<br>ना.प्र.नं.: ५६९/१९४८<br>जारी मितिः २०५०/११/०८<br>ठेगानाः खिदिमा-०३, खोटाङ | गाडी नं.: म. प्र.०१-००१ त २६६०<br>चेसिस नं.: 1PY5310EMA058797<br>इन्जिन नं.: PY3029D645288<br>Segment - John Deere Tractor | **नामः ज्ञाननन्द राई**<br>बाबुः कृपा ध्वज राई<br>बाजेः नर बहादुर राई<br>ना.प्र.नं.: ०६-०१-७८-०७३५८<br>जारी मितिः २०७८/०७/१७<br>ठेगानाः इटहरी-०४, सुनसरी |
| ०६. | **अजय कुमार चौधरी**<br>बाबुः सुकदेव चौधरी<br>बाजेः<br>ना.प्र.नं.: ७२८६७<br>जारी मितिः २०६२/०१/१२<br>ठेगानाः त्रियुगा-१४, उदयपुर | गाडी नं.: म प्र-०१-००१ त २५५५<br>चेसिस नं.: 1VY5045DVMA023485<br>इन्जिन नं.: PY3029D627151<br>Segment - John Deere Tractor | **नैना देवी चौधरी**<br>बाबुः बहन चौधरी थारू<br>बाजेः<br>ना.प्र.नं.: १४१४१०४५/ १०३४९४<br>जारी मितिः २०६७/०२/२८<br>ठेगानाः त्रियुगा-१४, उदयपुर |
| ०७. | **दिल कुमार तामाङ**<br>बाबुः बुद्धिमान तामाङ<br>बाजेः लाल बहादुर तामाङ<br>ना.प्र.नं.: १२२००७/८०<br>जारी मितिः २०६६/०१/१६<br>ठेगानाः साउने चउर-०३, खोटाङ | गाडी नं.: प्र.२-०३-००१ त ६८०८<br>चेसिस नं.: 1PY5310EENA061219<br>इन्जिन नं.: PY3029D672934<br>Segment - John Deere Tractor | **कला प्रधान (तामाङ)**<br>बाबुः मन नारायण प्रधान<br>बाजेः बुद्धिमान प्रधान<br>ना.प्र.नं.: १२२००७/१०३४/०६९/०७०<br>जारी मितिः २०६९/०९/२७<br>ठेगानाः साउने चउर-०३, खोटाङ |
| ०८. | **राज किशोर यादव**<br>बाबुः धनिक लाल यादव<br>बाजेः राम कृपल यादव<br>ना.प्र.नं.: ७५५०/५३०/१९३३<br>जारी मितिः २०५५/०८/२७<br>ठेगानाः डुमरिया-०६, सिराहा | गाडी नं.: प्र.१-०२-००३ त २२९१<br>चेसिस नं.: 1VY5205DTMA003975<br>इन्जिन नं.: PY3029D652694<br>Segment - John Deere Tractor | **नामः राकेश कुमार यादव**<br>बाबुः राज किशोर यादव<br>बाजेः धनिक लाल यादव<br>ना.प्र.नं.: १५-०१-७६-०४९९५<br>जारी मितिः २०७६/०३/२५<br>ठेगानाः कल्याणपुर-०९, सिराहा |
| ०९. | **गनपैत यादव**<br>बाबुः सेवनी यादव<br>बाजेः राम धनी यादव<br>ना.प्र.नं.: १२४७-५२७-७-२२९५<br>जारी मितिः २०४४/१२/०८<br>ठेगानाः अयोध्यानगर-०९, सिराहा | गाडी नं.: प्र.२-०३-००१ त ६३७८<br>चेसिस नं.: 1VY5036DAMA015042<br>इन्जिन नं.: PY3029D668525<br>Segment - John Deere Tractor | **नामः राजकुमार यादव**<br>बाबुः सोनई यादव<br>बाजेः राम धनी यादव<br>ना.प्र.नं.: ०३४६२९८२<br>जारी मितिः २०५८/१२/२५<br>ठेगानाः अयोध्यानगर-०९, सिराहा |
| १०. | **अलोधन देवी यादव**<br>बाबुः दसन यादव<br>बाजेः रौदी यादव<br>ना.प्र.नं.: १६३०७३/१५९<br>जारी मितिः २०६३/१२/०७<br>ठेगानाः अर्नाहा-०५, सप्तरी | गाडी नं.: म प्र.०१-००१ त २९८०<br>चेसिस नं.: 1VY5105DLMA030798<br>इन्जिन नं.: PY3029D647221<br>Segment - John Deere Tractor | **नामः विजय प्रसाद यादव**<br>बाबुः राजेन्द्र प्रसाद यादव<br>बाजेः बसुदेव यादव<br>ना.प्र.नं.: ४६०२/३<br>जारी मितिः २०६२/०९/२०<br>ठेगानाः बसबलपुर-०६, सप्तरी |
| ११. | **नामः हरि विष्णु यादव**<br>बाबुः राजदेव यादव<br>बाजेः सिताय यादव<br>ना.प्र.नं.: २२२४९०५८<br>जारी मितिः २०६२/०४/२८<br>ठेगानाः लाबाटोली-०९, धनुषा | गाडी नं.: म प्र.०१-००१ त ३०१८<br>चेसिस नं.: 1VY5045DLPM042673<br>इन्जिन नं.: PY3029D767634<br>Segment - John Deere Tractor | **नामः सङ्गिता कुमारी यादव**<br>बाबुः किशोरी यादव<br>बाजेः भोला यादव<br>ना.प्र.नं.: ५२२४९१२१<br>जारी मितिः २०६२/०३/०९<br>ठेगानाः लाबाटोली-०९, धनुषा |
| १२. | **नामः विजय पासमान**<br>बाबुः महेन्द्र पासमान<br>बाजेः सियालाल पासमान<br>ना.प्र.नं.: ५२२४५०६५<br>जारी मितिः २०६३/०८/११<br>ठेगानाः लाबाटोली-०६, धनुषा | गाडी नं.: प्र.२-०२-००१ त १२४९<br>चेसिस नं.: 1VY5045DCLA016722<br>इन्जिन नं.: PY3029D576351<br>Segment - John Deere Tractor | **नामः अजय कुमार यादव**<br>बाबुः महेन्द्र पासमान<br>बाजेः सियालाल पासमान<br>ना.प्र.नं.: १७-०१-७३-१०१५८<br>जारी मितिः २०७३/०८/२७<br>ठेगानाः लाबाटोली-०६, धनुषा |
| १३. | **भविश्य कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा. लि.**<br>दर्ता नंः १९६१५०/०७५/०७६<br>प्रोपाइटरः खड्ग बहादुर पहाडी<br>बाबुः कृष्ण बहादुर पहाडी<br>बाजेः खडानन्द पहाडी<br>ना.प्र.नं.: २९५९<br>जारी मितिः २०४४/१०/२७<br>ठेगानाः हटपाटे-०८, सिन्धुली | गाडी नं.: प्र.१-०२-००३ त ११५८<br>चेसिस नं.: 1VY5050DCLA035963<br>इन्जिन नं.: PY3029D599617<br>Segment - John Deere Tractor | **नामः खिल बहादुर पहाडी**<br>बाबुः कृष्ण बहादुर पहाडी<br>बाजेः खडानन्द पहाडी<br>ना.प्र.नं.: ४३३/३८२८<br>जारी मितिः २०४८/१२/१८<br>ठेगानाः हटपाटे-०८, सिन्धुली |
| १४. | **नामः प्रेम कुमारी साह**<br>बाबुः उपेन्द्र साह तेली<br>बाजेः<br>ना.प्र.नं.: १५-०१-७३-०८१५९<br>जारी मितिः २०७३/०९/२७<br>ठेगानाः मझौरा-०८, सिराहा | गाडी नं.: प्र.२-०१-००१ त १९३१<br>चेसिस नं.: 1MYW702WPLA026018<br>इन्जिन नं.: PY4039H002087<br>Segment - John Deere Harvestor | **नामः खुसीलाल साह**<br>बाबुः भोलाई साहु तेली<br>बाजेः जगदेश साह<br>ना.प्र.नं.: ५२४१/६२<br>जारी मितिः २०६२/१२/१७<br>ठेगानाः मझौरा-०८, सिराहा |
| १५. | **बजरंगबली कन्स्ट्रक्सन प्रा. लि.**<br>दर्ता नंः १०८६६०/०६९/०७०<br>**स्वामीको नामः राजेश्वर साह**<br>बाबुको नामः रामदेव साह<br>हजुरबुबाको नामः<br>नागरिकता नंः १२५४१६१३<br>जारी मितिः २०५२/०५/०७<br>ठेगानाः भवानीपुर-०८, सिराहा | गाडी नं.: प्र.२-०१-००१ त १८६१<br>चेसिस नं.: 1VY5045DLJA009407<br>इन्जिन नं.: PY3029D485580<br>Segment - John Deere Tractor | **नामः सत्य नारायण साह**<br>बाबुको नामः रामदेव साह तेली<br>हजुरबुबाको नामः<br>नागरिकता नंः २२९<br>जारी मितिः २०६०/०९/०२<br>ठेगानाः भवानीपुर-०८, सिराहा |
| १६. | **नामः खेमराज कार्की**<br>बाबुः डम्बर बहादुर कार्की<br>बाजेः मान बहादुर कार्की<br>नागरिकता नंः ६६७४<br>जारी मितिः २०६३/०३/३२<br>ठेगानाः हालेसितुवाचुङ-०८, खोटाङ | गाडी नं.: प्र.२-०१-००१ त १८५०<br>चेसिस नं.: 1PY5310EKMA054775<br>इन्जिन नं.: PY3029D611776<br>Segment - John Deere Tractor | **नामः चूडामणि दाहाल**<br>बाबुः राम हरि दाहाल<br>बाजेः रङ्गनाथ दाहाल<br>नागरिकता नंः ३६२५४७<br>जारी मितिः २०६५/०२/०१<br>ठेगानाः हालेसितुवाचुङ-०८, खोटाङ |
| १७. | **नामः दोमती कुमारी राय**<br>बाबुः धर्मलाल राय<br>बबाजेः<br>ना.प्र.नं.: २८४४<br>जारी मितिः २०५८/०७/०२<br>ठेगानाः विष्णुपुर-०६, सप्तरी | गाडी नं.: प्र.२-०२-००१ त १८४२<br>चेसिस नं.: 1VY5045DAMA023665<br>इन्जिन नं.: PY3029D627760<br>Segment - John Deere Tractor | **नामः अनिल कुमार राय**<br>बाबुः धुतहरु राय अहिर<br>बाजेः संगम राय<br>ना.प्र.नं.: २८३८<br>जारी मितिः २०५८/०६/२८<br>ठेगानाः विष्णुपुर-०६, सप्तरी |
| १८. | **ए.एन.जे. कन्स्ट्रक्सन प्रा. लि.**<br>दर्ता नंः २२८४५१/०७६/०७७<br>**प्रोपाइटरः आकाश कुमार दनुवार**<br>बाबुः मोती किशन कुमार दनुवार<br>बाजेः बुधिया कुमार दनुवार<br>ना.प्र.नं.:२०१०४५/२९४<br>जारी मितिः २०६८/०८/२६<br>ठेगानाः धुदौली-१०, सिन्धुली | गाडी नं.: प्र.२-०१-००१ त २११३<br>चेसिस नं.: 1PY5310EHMA055756<br>इन्जिन नं.: PY3029D619207<br>Segment - John Deere Tractor | **नामः आकाश कुमार दनुवार**<br>बाबुः मोती किशन कुमार दनुवार<br>बाजेः बुधिया कुमार दनुवार<br>ना.प्र.नं.:२०१०४५/२९४<br>जारी मितिः २०६८/०८/२६<br>ठेगानाः धुदौली-१०, सिन्धुली |
| १९. | **ए टु जेट इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा. लि.**<br>दर्ता नंः १६९६०४/७३/०७४<br>**प्रोपाइटरः बालदेव अधिकारी**<br>बाबुः त्रिर्सु अधिकारी<br>बाजेः<br>ना.प्र.नं.: २०३०४६/८१६<br>जारी मितिः २०६३/११/२०<br>ठेगानाः धुदौली-०९, सिन्धुली | गाडी नं.: स १ त ७७६६<br>चेसिस नं.: 1PY5050DEJA031364<br>इन्जिन नं.: PY3029DT267522<br>Segment - John Deere Tractor | **नामः बालदेव अधिकारी**<br>बाबुः त्रिर्सु अधिकारी<br>बाजेः<br>ना.प्र.नं.: २०३०४६/८१६<br>जारी मितिः २०६३/११/२०<br>ठेगानाः धुदौली-०९, सिन्धुली |
| २०. | **बैजु ट्रेडर्स एन्ड सप्लायर्स**<br>दर्ता नंः ६१०५६२९७८<br>**प्रोपाइटरः बैजु कुमार मण्डल**<br>बाबुः जगत कुमार मण्डल<br>बाजेः<br>ना.प्र.नं.: १६२०२३/२७८<br>जारी मितिः २०६८/०७/१७<br>ठेगानाः मधवापुर-०४, सप्तरी | गाडी नं.: प्र.२-०१-००१ त १३३७<br>चेसिस नं.: 1VY5036DCKA007803<br>इन्जिन नं.: PY3029D525189<br>Segment - John Deere Tractor | **नामः बैजु कुमार मण्डल**<br>बाबुः जगत कुमार मण्डल<br>बाजेः<br>ना.प्र.नं.: १६२०२३/२७८<br>जारी मितिः २०६८/०७/१७<br>ठेगानाः मधवापुर-०४, सप्तरी |
| २१. | **नामः अमित कुमार दास**<br>बाबुः बिन्देश्वरी प्रसाद दास<br>बाजेः सावचन्दी प्रसाद दास<br>ना.प्र.नं.: २४९<br>जारी मितिः २०६२/०९/२६<br>ठेगानाः राजविराज-०४, सप्तरी | गाडी नं.: प्र.२-०१-००१ त २०६८<br>चेसिस नं.: 1PY5039DEFA002607<br>इन्जिन नं.: PY3029D380260<br>Segment - John Deere Tractor | **नामः कुमारी पुनम**<br>बाबुः उमेश दास<br>बाजेः<br>ना.प्र.नं.: १६१०९०/९९९<br>जारी मितिः २०६७/०९/०५<br>ठेगानाः राजविराज-०४, सप्तरी |
| २२. | **नामः शिव कुमार राई**<br>बाबुः हस्त बहादुर राई<br>बाजेः भोडुमान राई<br>ना.प्र.नं.: ८३३३/६१७<br>जारी मितिः २०५९/०६/१६<br>ठेगानाः बट्सिल-०८, खोटाङ | गाडी नं.: प्र. २ ०१-००१ त २०१६<br>चेसिस नं.: 1PY5310ELMA057439<br>इन्जिन नं.: PY3029D632137<br>Segment - John Deere Tractor | **नामः देवानन्द लेखी**<br>बाबुः सितल चौधरी<br>बाजेः मिडीलाल चौधरी<br>ना.प्र.नं.: २३६५७८<br>जारी मितिः २०७०/०५/१०<br>ठेगानाः बट्सिल-०८, खोटाङ |
| २३. | **दिन्ना भद्री निर्माण सेवा**<br>दर्ता नंः ४४<br>**प्रोपाइटरः राम प्रसाद मंडल**<br>बाबुः कमल प्रसाद मंडल<br>बाजेः<br>ना.प्र.नं.: ८/१६३३१३<br>जारी मितिः २०३४/०१/२८<br>ठेगानाः कटल्या-०५, सप्तरी | गाडी नं.: स १ त ७७१४<br>चेसिस नं.: 1PY5045DKJA054930<br>इन्जिन नं.: PY3029D496559<br>Segment - John Deere Tractor | **नामः धुर्व कुमार मंडल**<br>बाबुः राम प्रसाद मंडल<br>बाजेः कमल प्रसाद मंडल<br>ना.प्र.नं.: ८११६४०७७<br>जारी मितिः २०६८/१२/३०<br>ठेगानाः कटल्या-०५, सप्तरी |
| २४. | **जया चक्रेश्वर नाथ कन्स्ट्रक्सन प्रा. लि.**<br>दर्ता नंः १९४९३१/०७५/०७६<br>**प्रोपाइटरः राम कालेश मण्डल**<br>बाबुः कुशे मण्डल<br>बाजेः मचित मण्डल<br>ना.प्र.नं.: १८२१५६६०<br>जारी मितिः २०६२/१२/२०<br>ठेगानाः चक्कर-०५, धनुषा | गाडी नं.: ना १ क १८८<br>चेसिस नं.: MDZAY4BFJK6A49850<br>इन्जिन नं.: NJH5WEE0807<br>Segment-Mahindra Earthmaster | **नामः राम कालेश मण्डल**<br>बाबुः कुशे मण्डल<br>बाजेः मचित मण्डल<br>ना.प्र.नं.: १८२१५६६०<br>जारी मितिः २०६२/१२/२०<br>ठेगानाः चक्कर-०५, धनुषा |
| २५. | **नामः दिलीप कुमार दास**<br>बाबुः राजेन्द्र लाल दास<br>बाजेः सिङ्गेश्वर लाल दास<br>ना.प्र.नं.: २७६४९/२०<br>जारी मितिः २०६२/०२/०८<br>ठेगानाः तेश्टौटा-०९, सप्तरी | गाडी नं.: ना ६ त ५५२९<br>चेसिस नं.: 1VY5036DTHA002613<br>इन्जिन नं.: PY3029D437763<br>Segment - John Deere Tractor | **नामः खुश्बु कुमारी दास**<br>बाबुः हरि नारायण दास<br>बाजेः<br>ना.प्र.नं.: १६-०१-७१-०९४३३<br>जारी मितिः २०७१/१२/१८<br>ठेगानाः तेश्टौटा-०९, सप्तरी |
| २६. | **नामः संग्राम सिंह राई**<br>बाबुः हरि कुमार राई<br>बाजेः<br>ना.प्र.नं.: १४१००८/९६५९७<br>जारी मितिः २०६६/०३/०१<br>ठेगानाः बेलटार-०२, उदयपुर | गाडी नं.: स १ त ७७१०<br>चेसिस नं.: 1VY5045DJJA054833<br>इन्जिन नं.: PY3029D495934<br>Segment - John Deere Tractor | **नामः निशा राई**<br>बाबुः दसराज राई<br>बाजेः<br>ना.प्र.नं.: १४-०१-७२-००१८७<br>जारी मितिः २०७२/०१/१३<br>ठेगानाः बेलटार-०२, उदयपुर |
| २७. | **नामः इन्द्र देवी**<br>बाबुः रौदी महतो<br>बाजेः<br>ना.प्र.नं.: ९२८६३०७३<br>जारी मितिः २०५८/०९/१९<br>ठेगानाः टल्लोगोघर-०९, धनुषा | गाडी नं.: प्र २ ०२-००१ त ११५०<br>चेसिस नं.: 1PY5045DKKA057912<br>इन्जिन नं.: PY3029D515067<br>Segment - John Deere Tractor | **नामः श्रीराम महतो**<br>बाबुः सारुप लाल महतो कोइरी<br>बाजेः दुखी महतो कोइरी<br>ना.प्र.नं.: २६/११८<br>जारी मितिः २०५१/०५/०७<br>ठेगानाः टल्लोगोघर-०९, धनुषा |
| २८. | **नामः खड्ग बहादुर मगर**<br>बाबुः गर्ज बहादुर मगर<br>बाजेः बल बहादुर मगर<br>ना.प्र.नं.: १४१०१८/११९६०५<br>जारी मितिः २०६९/०२/२३<br>ठेगानाः झलायाडाडा-०३, उदयपुर | गाडी नं.:प्र २ ०१-००१ त १०९७<br>चेसिस नं.: 1PY5050DAKA038876<br>इन्जिन नं.: PY3029D543822<br>Segment - John Deere Tractor | **नामः जुद्ध बहादुर मगर**<br>बाबुः भक्त बहादुर मगर<br>बाजेः<br>ना.प्र.नं.: १४-०१-७२-०२०३२<br>जारी मितिः २०७२/०४/३२<br>ठेगानाः झलायाडाडा-०३, उदयपुर |
| २९. | **नामः बेचनी देवी मंडल**<br>बाबुः महान्ती मंडल<br>बाजेः<br>ना.प्र.नं.: ८०३११५३०<br>जारी मितिः २०५१/११/०४<br>ठेगानाः हनुमाननगर-०९, सप्तरी | गाडी नं.: स १ त ७७१३<br>चेसिस नं.: 1PY5045DLJA054935<br>इन्जिन नं.: PY3029D496594<br>Segment - John Deere Tractor | **नामः खुशी लाल मंडल**<br>बाबुः शिव नारायण मंडल<br>बाजेः<br>ना.प्र.नं.: २८७२<br>जारी मितिः २०६०/०५/१९<br>ठेगानाः हनुमाननगर-०९, सप्तरी |
| ३०. | **नामः रोज चन्द्र राई**<br>बाबुः दान बहादुर राई<br>बाजेः जस्तमान राई<br>ना.प्र.नं.: १२१०४९/२२०<br>जारी मितिः २०६९/०८/०७<br>ठेगानाः हालेसितुबचुङ-०३, खोटाङ | गाडी नं.: प्र.२-०१-००१ त १६६०<br>चेसिस नं.: 1PY5310EPJA037193<br>इन्जिन नं.: PY3029D493583<br>Segment - John Deere Tractor | **नामः तुलसी कुमार राई**<br>बाबुः दान बहादुर राई<br>बाजेः जस्तमान राई<br>ना.प्र.नं.: १११८००/१<br>जारी मितिः २०४९/०८/०५<br>ठेगानाः हालेसितुबचुङ-०३, खोटाङ |
| ३१. | **बाला सुन्दरी कृषि तथा पशु फार्म**<br>दर्ता नंः ६१२९१८५०६<br>**प्रोपाइटरः सुनिता कुमारी यादव**<br>बाबुः तुलसी राम यादव<br>बाजेः<br>ना.प्र.नं.: ८४२ स.सि.ल. ९४०<br>जारी मितिः २०५८/०३/३१<br>ठेगानाः भगवतीपुर-०१, सिराहा | गाडी नं.: प्र.२-०१-००१ क ०१३९<br>चेसिस नं.: MDZAY4BFEJ6G49954<br>इन्जिन नं.: NJB5WEE0900<br>Segment - Mahindra Earthmaster | **नामः दिनेश कुमार यादव**<br>बाबुः राम कृष्ण यादव<br>बाजेः प्रेम लाल यादव<br>ना.प्र.नं.: ४३<br>जारी मितिः २०५४/०८/२७<br>ठेगानाः भगवतीपुर-०१, सिराहा |
| ३२. | **नामः दरबारिया शाहा**<br>बाबुः किशोरी शाहा<br>बाजेः पञ्च शाहा<br>ना.प्र.नं.: ०४३०३१/६२१<br>जारी मितिः २०६३/११/२३<br>ठेगानाः कन्काई-०५, झापा | गाडी नं.: प्र.१-०१-००१ त ९१०२<br>चेसिस नं.: 1PY5105DPKA013221<br>इन्जिन नं.: PY3029D536958<br>Segment - John Deere Tractor | **नामः बबिता देवी शाहा**<br>बाबुः रामवृत शाहा<br>बाजेः<br>ना.प्र.नं.: ०४३०३१/५७६<br>जारी मितिः २०६३/११/२५<br>ठेगानाः सुरुङ्गा-०७, झापा |
| ३३. | **नामः टंक कुमार लिम्बु**<br>बाबुः धर्मध्वज लिम्बु<br>बाजेः राम ध्वज लिम्बु<br>ना.प्र.नं.: ०५२०१३-३४६१<br>जारी मितिः २०६७/०२/२६<br>ठेगानाः जाँते-०२, मोरङ | गाडी नं.: प्र.१-०२-००३ त १४७४<br>चेसिस नं.: 1VY5045DAMA021639<br>इन्जिन नं.: PY3029D611821<br>Segment - John Deere Tractor | **नामः धन माया लिम्बु**<br>बाबुः राज बहादुर लिम्बु<br>बाजेः आकाश बहादुर लिम्बु<br>ना.प्र.नं.: २४७<br>जारी मितिः २०३१/१२/०३<br>ठेगानाः जाँते-०२, मोरङ |
| ३४. | **नामः सूर्य लिम्बु**<br>बाबुः जगत बहादुर लिम्बु<br>बाजेः नर लिम्बु<br>ना.प्र.नं.: ०५२०१३/३४४२<br>जारी मितिः २०६७/०२/२६<br>ठेगानाः जाँते-०१, मोरङ | गाडी नं.: प्र.१-०२-००३ क १६९४<br>चेसिस नं.: 1VY5045DPMA021620<br>इन्जिन नं.: PY3029D611530<br>Segment - John Deere Tractor | **नामः टंक कुमार लिम्बु**<br>बाबुः धर्मध्वज लिम्बु<br>बाजेः राम ध्वज लिम्बु<br>ना.प्र.नं.: ०५२०१३-३४६१<br>जारी मितिः २०६७/०२/२६<br>ठेगानाः जाँते-०१, मोरङ |
| ३५. | **प्रदीप प्रतिमा कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा. लि.**<br>दर्ता नंः १९१५४/७४/०७५<br>**प्रोपाइटरः मीना कुमारी कार्की**<br>बाबुः मदन बहादुर पाण्डे<br>बाजेः<br>ना.प्र.नं.: ०९२०१३-९१<br>जारी मितिः २०६८/०७/२९<br>ठेगानाः खाँदबारी-०९, संखुवासभा | गाडी नं.: प्र.१-०२-००१ क ४४२७<br>चेसिस नं.: 17J5223<br>इन्जिन नं.: NHE5WAE0077<br>Segment - Mahindra Earthmaster | **नामः मीना कुमारी कार्की**<br>बाबुः मदन बहादुर पाण्डे<br>बाजेः<br>ना.प्र.नं.: ०९२०१३-९१<br>जारी मितिः २०६८/०७/२९<br>ठेगानाः खाँदबारी-०९, संखुवासभा |
| ३६. | **नामः गंगा बहादुर कटुवाल**<br>बाबुः दल बहादुर कटुवाल<br>बाजेः हस्त बहादुर कटुवाल<br>ना.प्र.नं.: ०७१०२२/८३३<br>जारी मितिः २०६६/११/२५<br>ठेगानाः पाखोडिन-०५, धनकुटा | गाडी नं.: प्र.१-०२-००३ त १६६३<br>चेसिस नं.: 1PY5310EKMA055683<br>इन्जिन नं.: PY3029D618703<br>Segment - John Deere Tractor | **नामः सुष्मा शेर्पा (कटुवाल)**<br>बाबुः तेन्जी शेर्पा<br>बाजेः दल बहादुर शेर्पा<br>ना.प्र.नं.: ०७-०१-७२-०२१०१<br>जारी मितिः २०७२/०८/२४<br>ठेगानाः पाखोडिन-०५, धनकुटा |
| ३७. | **नामः महेश कार्की**<br>बाबुः हरि बहादुर कार्की<br>बाजेः सर्वजीत कार्की<br>ना.प्र.नं.: ६५२०१३/३४०८३<br>जारी मितिः २०७१/०२/२३<br>ठेगानाः जाते-०३, मोरङ | गाडी नं.: प्र.१-०२-००३ त ८२०<br>चेसिस नं.: 1PY5310EJLA048829<br>इन्जिन नं.: PY3029D576358<br>Segment - John Deere Tractor | **नामः हरि बहादुर कार्की**<br>बाबुः सर्वजीत कार्की<br>बाजेः<br>ना.प्र.नं.: ३१९०<br>जारी मितिः २०३६/१०/०६<br>ठेगानाः जाते-०३, मोरङ |
| ३८. | **नामः मदन कार्की**<br>बाबुः वीरेन्द्र कार्की<br>बाजेः<br>ना.प्र.नं.: ०२-०५-७०-०२१७९<br>जारी मितिः २०७०/०२/०४<br>ठेगानाः आङना-०५, पाँचथर | गाडी नं.: प्र.१-०२-००३ त १५६९<br>चेसिस नं.: 1PY5310ECJA028524<br>इन्जिन नं.: PY3029D455031<br>Segment - John Deere Tractor | **नामः प्रेम कार्की**<br>बाबुः वीरेन्द्र कार्की<br>बाजेः<br>ना.प्र.नं.: ०२-१६-७२-०००९१<br>जारी मितिः २०७२/११/२४<br>ठेगानाः आङना-०५, पाँचथर |
| ३९. | **नामः चन्द्र कुमार कट्टेल**<br>बाबुः प्रेम लाल कट्टेल<br>बाजेः कृष्ण लाल कट्टेल<br>ना.प्र.नं.: ०३-३२-७२-००८९५<br>जारी मितिः २०७२/०९/१३<br>ठेगानाः चुलाचुली-०७, इलाम | गाडी नं.: प्र.१-०२-००३ त २०८१<br>चेसिस नं.: 1VY5045DCMA025910<br>इन्जिन नं.: PY3029D643836<br>Segment - John Deere Tractor | **नामः दुर्गा देवी लुइटेल**<br>बाबुः कुल प्रसाद लुइटेल<br>बाजेः<br>ना.प्र.नं.: ०३-०१-७५-०१०८७<br>जारी मितिः २०७५/०३/०७<br>ठेगानाः इलाम-०१, इलाम |
| ४०. | **टिकाराम वली**<br>बाबुः कलिमान वली<br>बाजेः मनु वली<br>ना.प्र.नं.: १/२०/३६९७९<br>जारी मितिः २०६२/०९/११<br>ठेगानाः शिवराथ-०६, स्यालान | गाडी नं.: लु ४ त ९७७२<br>चेसिस नं.: 1PY5310EPMA058890<br>इन्जिन नं.: PY3029D647448<br>Segment - John Deere Tractor | **नामः गणेश बहादुर वली**<br>बाबुः साहबिर वली<br>बाजेः झुपु वली<br>ना.प्र.नं.: १/२०/३७६६६<br>जारी मितिः २०६२/१०/०४<br>ठेगानाः शिवराथ-०६, स्यालान |
| ४१. | **बी.एफ.ओ. कन्स्ट्रक्सन प्रा. लि.**<br>१४९२५२/७२/०७३<br>**प्रोपाइटरः मोहमद फ़याज**<br>बाबुः मोहमद अजद अली<br>बाजेः मो रिफाकत अली<br>ना.प्र.नं.: ०४०३०४४/१३१४<br>जारी मितिः २०६३/१२/०८<br>ठेगानाः दमक-१०, झापा | गाडी नं.: प्र. १-०२-००३ त २१४२<br>चेसिस नं.: 1VY5036DVMA013919<br>इन्जिन नं.: PY3029D646537<br>Segment - John Deere Tractor | **मोहम्मद फ़याज**<br>बाबुः मोहमद अजद अली<br>बाजेः मो रिफाकत अली<br>ना.प्र.नं.: ०४०३०४४/१३१४<br>जारी मितिः २०६३/१२/०८<br>ठेगानाः दमक-१०, झापा |

Manokamana Hire Purchase Pvt.Ltd
कान्तिपथ, काठमाडौं
फोन नं. ०१-४१६३५३३

नागरिक आर्थिक

बुधबार, ३० पुस २०८२, Wednesday, 14 January 2026



## बजार

सुन तोला - २७६,५००
चाँदी तोला - ५३४०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १४४.०१ | १४४.६१ |
| युरो - | १६८.०३ | १६८.७३ |
| पाउन्ड स्टर्लिङ - | १९४.०० | १९४.८१ |

# नेप्से परिसूचकमा सामान्य अंकको सुधार



काठमाडौं, पुस २९ (नागरिक)- नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक ४.९० अंकले बढेर २६३९.९१ को बिन्दुमा कायम भएको छ।

मंगलबार ३४९ कम्पनीको एक करोड ३६ लाख २४ हजार ८२४ कित्ता सेयर ७७ हजार १७ पटक खरिदबिक्री हुँदा ६ अर्ब ९९ करोड चार लाख ८४ हजार ३९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

मंगलबारको कारोबारमा बैंकिङ ०.१४, वित्त ०.२९, होटल तथा पर्यटन ०.४८, जीवन बिमा ०.१७, उत्पादन तथा प्रशोधन ०.२३ र लघुवित्त ०.२० प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ। जलविद्युत १.०२, लगानी ०.०४, म्युचुअल फण्ड ०.४२, निर्जीवन बीमा ०.०७, व्यापार ०.९८ र अन्य समूह ०.७८ प्रतिशतले बढेको छ।

मंगलबार थ्रीस्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य सबभन्दा धेरै ६.०९ प्रतिशतले घटेको छ।


## संस्थापक शेयर विक्री सम्बन्धि सूचना

यस मितेरी डेभलपमेन्ट बैंक लिमिटेडका तपसिल बमोजिमका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा भएको संस्थापक शेयरहरु मध्ये तपशिल वमोजिमको शेयर कित्ता बिक्रि गर्ने ईच्छा जाहेर गरी निबेदन दिनु भएको र संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्रि गर्न अनुमति दिने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरि लिन इच्छुक भए हाल कायम यस बैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था भएबाट संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८२।०७।२७ गतेको राष्ट्रिय दैनिक पत्रिका नागरिक आर्थिकमा ३५ (पैतिस) दिनको सूचना प्रकाशन गरेकोमा सो अवधि भित्र विद्यमान संस्थापक शेयर धनिले खरिद गर्न चाहेको कुनै पनि लिखत जानकारी पेश हुन नआएको हुँदा प्रचलित कानुनको अधिनमा रहि अन्य व्यक्ति/संस्थालाई बैंकको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी बैंकको केन्द्रिय कार्यालय महेन्द्रपथ धरान १२ सुनसरी वा शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड कमलादि काठमाण्डौंमा आइपुग्नेगरी आवेदन गर्नु हुन सूचीत गराईएको छ।

| शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या |
|---|---|
| जयेन्द्र कुमार शर्मा | १९,६४१ (उन्नाइस हजार छ सय एक्चालीस कित्ता मात्र) |

शेयर रजिष्ट्रार

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(साविकको ग्रोमोर मर्चेण्ट बैंकर लिमिटेड)

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत-पत्र प्राप्त संस्था)
महेन्द्रपथ, धरान-१२, सुनसरी, नेपाल
फोन.नं.: ०२५-५३६३१७, ०२५-५३८३१७



## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

तपसिलमा लेखिएको, निवेदकले मान बहादुर डगौरा/कालुराम डगौरा पोइल गएको/बेपत्ता भएको मृत्यु हुँदा निजको नामको निम्न लिखित जग्गा नामसारी गरी पाउँ भनि जिल्ला बेदकोट न.पा./गा.पा. को सिफारिस सहित नामसारी दा. ख. माग गर्न आएकोमा उक्त जग्गा निवेदकहरूका नाउँमा नामसारी हुनु नपर्ने कुनै कारण भए वा निवेदक बाहेक अरू हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण सहित हक दावी गर्न आउनु होला । अन्यथा माग भए अनुसार निवेदकको नाममा नामसारी भै जानेछ। पछि कुनै किसिमको दावी उजुरी नलाग्ने व्यहोरा समेत सर्व साधारण सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

नामसारी माग भएको जग्गाको व्यहोरा

| गा.पा./न.पा. | वडा नं. | प्लट नं. सिट नं. | कित्ता नं. | क्षेत्रफल | मोही | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सुडा | ७ | ०२० | ११४ | ३४१० | | जुगराम डगौरा | |
| | | १३८१ | १२५ | २३७० | | | |
| | | | १३८ | ३४५ | | | |
| | | | २१४ | १७७० | | | |
| | | | २१९ | ८८५ | | | |
| | | | २४२ | १३४० | | | |
| | | | २४६ | ३५० | | | |
| | | | २६३ | ३९४५ | | | |
| | | ०२०-१४२१ | ३१२ | १३८१५ | | | |

तपसिल

| निवेदकको नाम | बाबु/पति | बाजे ससुरा | ठेगाना |
|---|---|---|---|
| १. भरत ब. डगौरा | जुगराम डगौरा | खिन्दु डगौरा | बेदकोट नगरपालिका वडा नं. ६ |
| २. रुपलाल डगौरा | ,, | ,, | |
| ३. बन्धुराम डगौरा | ,, | ,, | |
| ४. पविराम डगौरा | ,, | ,, | |
| ५. श्याम डगौरा | ,, | ,, | |
| ६. लाल ब. डगौरा | ,, | ,, | |
| ७. मंगल सिंह डगौरा | ,, | ,, | |
| ८. महेश डगौरा | मान ब. डगौरा | जुगराम डगौरा | |



## सुविधा बचत तथा ऋण सहकारी संस्था लि.

कुमारीपाटी, ललितपुर । फोन नं. ०१-५४००८६११

### लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/३० गते

*यस सहकारीवाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको कर्जाको वुझाउन पर्ने सांवा ब्याज अन्य दस्तुरहरु तिर्न पटक पटक फोन मेसेज लिखित पत्र, हुलाक तथा मिति ०८२।०८।०२ मा नागरिक दैनिक पत्रिकामा ३५ दिने ऋण तिर्न तथा धितो लिलामी सम्वन्धी सार्वजनिक सूचनाद्धारा अनुरोध गर्दा समेत ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदिनु भएकोले धितो सुरक्षणमा दिएको सम्पत्ति (घर जग्गा आदि) जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी वोलपत्रद्धारा विक्री गरिने हुंदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफूले लिन चाहेको मूल्य सहित शिलवन्दी वोलपत्र पेश गर्नुहुन ईच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलवन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।*

तपसिल

| सि.नं. | ऋणीको नाम | ठेगाना | जमानी कर्ता | धितो विवरण, जिल्ला, कि.नं.क्षे. |
|---|---|---|---|---|
| १. | रज्जु वज्राचार्य | धोवीघाट, ३, ललितपुर | पतिः-किरण वज्राचार्य, छोराः-रुशन वज्राचार्य | ललितपुर, ३, ३ ग, कि.न १५१९ क्षे.फ०-२-३-०/८७.४३ |
| २. | शिवम पापड, मञ्जु पैकडा | मोरंङ्ग, विराटनगर | पतिः ध्रुबनारायण पैकडा | मोरङ्ग, विराटनगर, ७, नक्शा सिट.नं-१७८०७४२०१, कि.न-५८२ क्षे.फ १३५।४४ व.मि |
| ३. | रबी सिंह | ललितपुर वडा नं.४ | श्रृष्टि डंगोल | नवलपरासी, बेल्हीया, २ ग, कि.नं २१९३, क्षें.फ ०-०-१६. २५ -०/२७५.१४ व.ग |
| ४. | अडिवहादुर लिम्बेल | झापा वाहुनडांगी | ख्यामराज थापा | झापा बाहुनडांगी ६, वडा नं ०२, कि १०६०,१०६३,१०६६, क्षे ०-५-०-०, ०-३-०-०, ०-१२-०-० |

**बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरू पालना गर्नुपर्नेछ ।**

*१. वोलपत्र फाराम सम्बन्धित सहकारीबाट रु. १०००।- बुझाई प्राप्त गर्न सकिने ।*

*२. वोलपत्र पेश गर्नेले आफुले कबुल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम नगदै वा खाता नं. २०११०९९००००६४८ (गुडविल फाइनान्स लि.) मा जम्मा गरेको भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।*

*३. शिलबन्दी वोलपत्र कर्ताको वोलपत्र स्वीकृती भएमा यस संस्थाले पठाएको पत्रको मितिले १५ दिन भित्र बाँकी रकम जम्मा गरे पश्चात सहकारीले धितो रहेको अचल सम्पत्ती दा.खा. नामसारीको लागि सम्बन्धित कार्यालयमा पत्राचार गरिदिने छ ।*

*४. तोकिएको समयभित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत बैंक दाखिला गरेको रकम जफत हुनेछ ।*

*५. बोलपत्र शर्त रहित हुनु पर्नेछ ।*

*६. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ ।*

*७. बोलपत्र स्वीकृती भएमा अचल सम्पत्ति दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर अन्य दै-दस्तुर समेत बोलपत्र कबोल कर्ताले व्यहोर्नु पर्नेछ ।*

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२-१०-०६ गते कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।**
**बोलपत्र खोलिने मितिः २०८२।१०।०७ गते दिनको २:०० बजे, सो दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट खोलिने छ ।**
**स्थानः सहकारी कार्यालय , कुमारीपाटी ललितपुर-५**


# अदालतले ब्युँझाएपछि सुकुम्वासी आयोगले काम सुरु गऱ्यो

भुवन शर्मा

*काठमाडौं, पुस २९*




सरकारले विघटन गरेको सुकुम्वासी आयोगलाई सर्वोच्च अदालतले ब्युँझाएपछि आयोगका पदाधिकारीहरूले काम सुरु गरेका छन्।

आयोगका उपाध्यक्ष तथा प्रवक्ता सनतकुमार कार्कीले गत पुस १५ गतेदेखि आफूहरूले काम सुरु गरेको बताए । 'अदालतको आदेशपछि हामीले ७७ वटै जिल्ला समितिलाई काम सुरु गर्न परिपत्र गरेका छौं', कार्कीले भने, 'हाम्रो परिपत्रपछि केही जिल्ला समितिहरूले काम सुरु गरिसकेका छन् भने केहीले काम गर्दैछन्।'

जेनजी आन्दोलनपछि तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार ढलेपछि बनेको सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले गत असोज २३ गते सुकुम्वासी आयोग विघटन गर्ने निर्णय गरेको थियो । सरकारको उक्त निर्णयविरुद्ध आयोगका पदाधिकारीहरूले गत कात्तिक ९ गते सर्वोच्चमा मुद्दा दायर गरेका थिए । सर्वोच्चले गत कात्तिक ११ गते अल्पकालिक र मंसिर १५ गते पूर्ण फैसला गऱ्यो । सर्वोच्चले सुकुम्वासी आयोग विघटन गर्ने सरकारको निर्णयलाई उल्टायो र आयोगका सबै पदाधिकारीलाई पनुर्बहाली गऱ्यो । पुनबर्हालीपछि आयोगका पदाधिकारीहरू काममा फर्केका हुन्।

'हालसम्म आयोगमा अव्यवस्थित बसोबासी, भूमिहीन तथा सुकुम्वासीका नाममा लाल पुर्जा पाउन भन्दै १२ लाखको हाराहारीमा निवेदन गरेका छन् । ती निवेदनमाथि अब हामीले काम सुरु गर्छौं', कार्कीले भने।

आयोग विघटन भए पनि आयोगमा कार्यरत करारका कर्मचारीहरूको जागिर रद्द गरिएको थियो। सर्वोच्चले आयोग ब्युँझाएपछि उनीहरूको जागिर पनि कायमै रहने भएको छ। आयोग विघटन भएसँगै अयोगमा नियुक्ति पाएका नेपाली कांग्रेस, नेकपा (एमाले) का तीन सय १६ जना कार्यकर्ता बेरोजगार भएका थिए। सर्वोच्चको निर्णयपछि उनीहरूले पनि रोजगारी पाएका छन्।

